का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ जेठ २०७९,
शुक्रबार
20 May 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १०४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एमाले नेताहरूमा छटपटी



**स्थानीय तहको चुनावको नतिजा अपेक्षित नआएपछि एमालेका दोस्रो र तेस्रोत तहका नेताहरु संभवित वाम तालमेलतिर केन्द्रित भएका छन् । प्रदेश र संघीय चुनावमा हुन सक्ने तालमेलको वातावरण नबिग्रियोस भनेर अध्यक्ष केपी ओलीको बोलीमा समेत लगाम लगाउने प्रयास गरिरहेका छन् ।**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ५ जेठ ।

यही जेठ ३ गते नेकपा एमालेका बरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल अर्का उपाध्यक्ष सुवास नेम्वाङ, महासचिव शंकर पोखरेल, उपमहासचिव पृथ्वी सुब्बा गुरुङलाई लिएर पार्टी अध्यक्ष केपी शर्मा ओली निवास भक्तपुरको बालकोट पुगे ।

स्थानीय तहको चुनावी परिणाम आउन थालिसकेको अवस्थामा ओलीलाई भेट्न गएका नेताहरुले तुल्सीलाल स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी नहुन पार्टी अध्यक्षलाई सुझाव दिए । 'अध्यक्ष ओलीको आफ्नै शैली छ त्यसलाई कतिपयले नकारात्मक लिन्छन्' उक्त भेटमा सहभागी एक नेता भन्छन्, 'चुनावको अन्तिम परिणामपछि अध्यक्षले जनताका बीचमा कुरा राख्नुपर्छ । तर, बीचमा बोल्दा राजनीतिक संभवनालाई असहज – बाँकी पृष्ठ २ मा

# एकीकृत समाजवादीमा असन्तुष्टि

स्थानीय तहको चुनावमा सत्ता गठबन्धनबाट आफ्नो पार्टीका उम्मेदवारलाई भोट नआएको निष्कर्षमा एकीकृत समाजवादी पुगेको देखिन्छ ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ५ जेठ ।

स्थानीय चुनावको परिणाम अपेक्षित नदेखिएको भन्दै नेकपा एकीकृत समाजवादीका शीर्षस्थ नेताहरु नै असन्तुष्ट देखिएका छन् । एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल र अन्य केन्द्रीय नेताहरु अपेक्षित परिणाम नआएको भन्दै असन्तुष्ट बनेका हुन् ।

'गठबन्धन दलले सहकार्य गर्न चाहेनन्,' 'यी सबैको समीक्षा गरेर आफ्नै शक्तिमा पार्टीलाई बलियो जगमा उभ्याउनुपर्नेछ' नेता नेपालले भने । उनले आगामी चुनावमा गठबन्धन गर्दा यी सबै विषयको समीक्षा हुने पनि बताएका छन् ।

'हाम्रो सहकार्यको र गठबन्धनको समीक्षा गर्ने छौं । कहाँ राम्रो गर्‍यौं, कहाँ त्रुटी गर्‍यौं भनेर,' उनले भने, 'हाम्रो पार्टीले प्राप्त गर्नुपर्ने जति छैन होला । संख्यामा हिसाबले कतिपय ठाउँमा भएन' उनले भने । गठबन्धनका दलले असहयोग गर्दा



आफूहरुको अपेक्षित परिणाम नआएको उनको तर्क छ । उनकै पार्टीका सम्मानित नेता झलनाथ खनालले पनि सत्ता गठबन्धन भने पनि कांग्रेस-माओवादीको गठबन्धन मात्रै भएको बताएका छन् ।' हामीले जुन रूपमा गठबन्धन हुन्छ भनेका थियौं, त्यसरी भएन ।

धेरै ठाउँमा कांग्रेस र माओवादीको मात्रै गठबन्धन रह्यो । महानगर र उपमहानगरकै कुरा गर्दा पनि गठबन्धनको मर्म अनुसारको मत आएको छैन,' उनले भने,'काठमाडौंमा हाम्रा उपमेयर उम्मेदवारको मत आउन सकेन। अहिले नै सबै विश्लेषण गर्ने बेला त भएको छैन तर गठबन्धनको नतिजाबारे गम्भीर समीक्षा गर्न जरूरी छ' उनले बताए । अबको बाटो के हुने भनेर हामीले गम्भीर छलफल गर्ने पनि नेता खनालको भनाई छ ।

देशभरिमा मात्रै होइन, सुदुरपश्चिम सरकारमा ठूलो दल बनेको समाजवादीले स्थानीय चुनावमा भने धेरै कम जित हासिल गरेको छ । मतगणना सकिनै लाग्दा समेत समाजवादीले कैलालीको घोडाघोडी नगरपालिका र केदारस्युँ गाउँपालिकामा मात्रै जित हात पारेको छ । सुदूरपश्चिममा काँग्रेसले ३४, एमालेले २३, माओवादी केन्द्रले १३, रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले २, नेकपा एसले २ र स्वतन्त्रले १ पालिका जितेका छन् । त्यसैगरी हालसम्म नेकपा एसले १४ वटा – बाँकी पृष्ठ २ मा

बालविवाह सामाजिक र कानूनी अपराध हो ।

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनप्रतिनिधिको सकियो कार्यकाल

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, ५ जेठ ।

२०७४ सालको चुनावमार्फत आएका स्थानीय तहका जनप्रतिनिधिहरुको कार्यकाल समाप्त भएको छ । २०७४ सालमा स्थानीय तहको चुनाव तीन चरणमा भएको थियो । पहिलो चरणको चुनाव वैशाख ३१ गते भएको थियो । पटक-पटक चुनाव भएको अवस्थामा पहिलो पटक चुनाव भएको मितिलाई कार्यकालको आधार मान्ने प्रावधान अनुसार बिहीबारबाट ०७४ सालको चुनावबाट आएका स्थानीय तहका जनप्रतिनिधिहरुको कार्यकाल समाप्त भएको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आएपछि नेपालले पहिलो स्थानीय तहको सरकारको कार्यकाल गुजारेको छ । दोस्रो कार्यकालका लागि गत वैशाख ३० भएको चुनावबाट जनप्रतिनिधिहरु निर्वाचित भएका छन् । निर्वाचन आयोगका अनुसार अब करिब २० प्रतिशत स्थानीय तहका मत परिणाम आउन बाँकी छ ।

> संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार भएको पहिलो स्थानीय सरकारले पाँच बर्षे कार्यकाल पुरा गरेको छ । दोस्रो कार्यकालका लागि भएको चुनावको नतिजा धमाधम सार्वजनिक भैरहेको छ ।

देशभरका ७५३ पालिकाका ३५ हजार २२१ पदका लागि भएको निर्वाचनमा तुलनात्मकरूपमा बढी मतदाता रहेका महानगरपालिका र उपमहानगरपालिकाको मतगणना सकिन अझै केही दिन लाग्ने देखिन्छ ।

संविधानतः जनप्रतिनिधिमूलक स्थानीय तहमा पद रिक्तता हुन नहुने र पद रिक्त हुँदा सेवाग्राहीका काम प्रभावित भएमा के गर्ने भन्ने अन्योल देखिए पनि जेठ ५ गतेअगावै निर्वाचन भइसकेकाले कानूनीरुपमा खास समस्या नपर्ने निर्वाचन आयोगका अधिकारीहरु बताउँछन् ।

नेपालको संविधानको धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ र नगर कार्यपालिकामा निहित रहेको छ । संविधानको धारा २२५ मा गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको हुनेछ ।

नेपालको संविधानको धारा २१५ उपधारा ९४० मा गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्य हुने व्यवस्था छ ।

संविधानको धारा २१६ को उपधारा ९४० बमोजिम नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको पन्ध्र दिनभित्र नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने व्यवस्था रहेको छ ।

निर्वाचित जनप्रतिनिधिमध्ये गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअगावै निर्वाचित भएको सात दिनभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने तथा गाउँपालिकाको उपाध्यक्ष, नगरपालिकाको उपप्रमुख, वडाअध्यक्ष, गाउँ तथा नगरसभाका सदस्य र जिल्ला समन्वय समितिका उपप्रमुख र सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएको सात दिनभित्र तोकिएको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

जेठ ५ गतेलाई स्थानीय तहका जनप्रतिनिधिको पदमा बहाल रहने अन्तिम मिति मानेर वैशाख ३० मा सम्पन्न भएको मतदानको गणना कार्य सक्ने गरी निर्वाचन आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई यसअघि नै निर्देशन दिइसकेको थियो ।

प्रदान गरेकोमा विभिन्न कारणले आजसम्ममा सम्पूर्ण स्थानीय – बाँकी पृष्ठ २ मा

### नयाँ बजेटमा संघका करिब एक दर्जन सुझाव

# सेवा शुल्क परिमार्जन र संख्या सयको समस्या तत्काल समाधान गर्न माग

**मध्यान्ह संवददाता**
काठमाडौं, ५ जेठ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपाली अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको वैदेशिक रोजगार क्षेत्रमा रहेका नीति र अव्यवहारिक समस्याको समाधान गर्न माग गरेको छ ।

अर्थ मन्त्रालयलाई आर्थिक वर्ष २०७९/०८० को बजेटमा वैदेशिक रोजगारका क्षेत्रमा तत्काल गरि नुपर्ने नीतिगत सुधारका सुझाव पेश गर्दै संघले उक्त माग गरेको हो । संघले बिहीबार अर्थ मन्त्रालयमा लिखित सुझाव पठाएको हो । संसदमा पूर्व बजेट छलफल चलिरहेको छ भने राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय नयाँ बजेट तर्जुमा गर्न लागिपरेका छन् । जेठ १५ गते प्रतिनिधिसभामा बजेट पेश गर्ने संवैधानिक व्यवस्था छ ।

संघले वैदेशिक रोजगार ऐनमा संशोधन गरी वार्षिक सय जना कामदार नपठाएमा इजाजतपत्र रद्द गर्न सक्ने र नवीकरण नहुने व्यवस्था हटाउन माग गरेको छ । संघले कोभिड-१९ का कारण नेपाली कामदारलाई वैदेशिक रोजगारमा जान सरकारले नै रोक लगाएका कारणले मन्त्रिपरिषद्ले बाधा अड्काउ आदेशमार्फत सय जना कामदार पठाउनुपर्ने प्रावधान विगतमा निस्कृय बनाएकाले कार्यान्वयन नभएको बताएको छ। यस वर्ष पनि सय जना कामदार नपठाउने व्यवसायीको – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा हट्यो कोभिड प्रतिबन्ध

**तिलु शर्मा पौडेल / मध्यानह**
दोहा, कतार, ५ जेठ

कतार सरकारले कोभिड नियन्त्रणका लागि देशका विभिन्न क्षेत्रमा लगाएको प्रतिबन्धहरु हटाउने निर्णय गरेको छ। कतारका प्रधानमन्त्री तथा आन्तरिक मन्त्री शेख खालिद बिन खलिफा बिन अब्दुलअजिज अल थानीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले प्रतिबन्धहरु हटाउने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले आगामी शनिबारदेखि लागू हुने गरी सार्वजनिक सवारी साधन र स्वास्थ्य क्षेत्र बाहेक अन्य क्षेत्रमा मास्कको अनिवार्य प्रयोगलाई हटाउने निर्णय गरेको छ ।

सरकारले जारी गरेको नीतिको अवलम्बन गर्दै सम्मेलन, प्रदर्शनी तथा विभिन्न कार्यक्रमहरू आयोजना गर्न सकिने जनस्वास्थ्य मन्त्री डा. हानान बिन्त मोहम्मद – बाँकी पृष्ठ २ मा

## पोखरेल ईनरूवामा पराजित, राईको अग्रता

**मध्यान्ह संवददाता**
काठमाडौं, ५ जेठ

नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संस्थापक अध्यक्ष सरोज कुमार पोखरेल मेयर पदमा पराजित भएका छन् ।

इनरूवा नगरपालिकामा नेपाली कांग्रेसका केदार भण्डारीले पोखरेललाई दुई हजार ७७१ मतान्तरले पराजित गरेका हुन् । – बाँकी पृष्ठ २ मा

## एमाले ...

नहोस् भनेर अध्यक्षलाई रोकेका हौं ।' उक्त भेटमा पार्टी फुटको असर परेको विषयमा समेत छलफल भएको नेताहरु बताउँछन् । अध्यक्ष ओलीले माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीले कहाँ कहाँ क्षेति पुर्‍याएको हो सो को यकिन विवरण तयार गनृ महासचिव पोखरेलाई आग्रह गरेका छन् । 'चुनावको अन्तिम परिणाम आइसक्दा महासचिवले माधव नेपाल नेतृत्वको पार्टीले गरेको क्षेतिको विवरण तयार हुन्छ र त्यसमाथि पार्टीमा छलफल हुन्छ' केपी ओली निकट नेताले भने ।

तुल्सीलाल स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा उपाध्यक्ष र महासचिवहरु गएर सम्बोधन गरे । कार्यक्रम तयार हुँदा अध्यक्ष ओलीले सम्बोधन गर्ने भनिएको थियो । तर, पार्टीकै नेताहरुले आग्रह गरेपछि अध्यक्ष ओली सार्वजनिक कार्यक्रममा सरिक भएनन् । यसको प्रमुख कारण स्थानीय तहको चुनावको परिणाम पछि हुन सक्ने संभावित राजनीतिक कोर्सलाई नबिगार्न भएको एमालेकै नेताहरु बताउँछन् ।

एमालेका उपाध्यक्षद्धय इश्वर पोखरेल र सुवास नेम्वाङले पटक-पटक सिंहदरवारमा भेटेर छलफल गरिरहेका छन् । यी दुई नेता बुधबार प्रतिनिधि सभाको बैठक अगाडि झण्डै २ घण्टा एक्ला एक्लै सिंहदरवार स्थित नेम्वाङको कार्यकक्षमा छलफलमा जुटेका थिए । एमालेका अन्य नेताहरु पनि आन्तरिक समिक्षामा जुटेका छन् ।

स्थानीय तहको चुनाव भन्दा ठीक अगाडि बसेको एमाले संसदीय दलको बैठकमा संसदीय दलका नेता एवं पार्टी अध्यक्ष ओलीले संघीय संसदको टिकटका लागि आफ्नो क्षेत्रको स्थानीय तहमा पार्टीका उम्मेदवारलाई जिताएर आउन सांसदहरुलाई निर्देशित गरेका थिए । तर, चुनाव सम्पन्न भएर नतिजा आउँदा ओली नजिक रहेका नेताहरुकै पालिकाका एमाले कमजोर बन्न पुगेको छ। यो अवस्था आउनुको पछाडिका कारणहरुबारे एमालेका दोस्रो र तेस्रो तहका नेताहरु छलफलमा छन्। महासचिव पोखरेल र प्रचार प्रसार विभाग प्रमुख गुरुङले अन्य पार्टीका नेताहरुसँग समेत छलफल सुरु गरेको एमालेकै नेताहरु बताउँछन्। स्थानीय तहको चुनावले संघीय चुनावमा अप्ठ्यारो पर्ने संकेत देखा परेपछि एमाले नेताहरु तालमेल र एकता हुन सक्ने दलका नेताहरुसँग नजिकिएर छलफलमा जुटेका हुन् ।

एमालेका नेता कृष्ण गोपाल श्रेष्ठ पार्टी फुटको असर देखा परेको बताउँछन्। भन्नलाई पार्टीको जनमत यथावत छ भनिए पनि परिणामले त्यस्तो नदेखिएकाले अन्य पार्टीहरुसँगको तालमेलको विषयमा एमाले खुला भएको उनको भनाई छ ।

एमाले नेताहरुका अनुसार एमाले शीर्ष नेतृत्वले माधव नेपालले पार्टी फुटाएर आफ्नो पार्टीलाई बलियो बनाउन नसकेको भएपनि एमालेलाई ०७४ को भन्दा झण्डै आधा कम शक्तिमा झार्न भूमिका खेलेको निष्कर्षमा पुगेका छन् । अर्कोतर्फ अहिलेको पाँच दलीय सत्ता गठबन्धन निरन्तर जाँदा प्रदेश र संघीय चुनावमा अपेक्षित परिणाम ल्याउन नसक्ने र संघ र सातै प्रदेश सरकारबाट एमाले बाहिर रहनुपर्ने अवस्था आउन सक्ने भएकाले यसलाई चिर्ने उपायको खोजीमा एमाले नेताहरु लागेका हुन् । नेता श्रेष्ठ भन्छन्, 'हामी कम्युनिस्ट हौं। एकले अर्कोका विरुद्ध स्वस्थ प्रतिस्पर्धा गर्ने विषय जायज हो। तर, अहिले कम्युनिस्टहरु जुधेर कांग्रेसलाई सत्ता सुम्पन तयार हुने अवस्था सिर्जना भयो । यो वाम आन्दोलनको हितमा छैन् । यसमा एमाले चिन्तित छ ।'

माधव नेपाल र पुष्पकमल दाहाल प्रचण्डले चुनावी तालमेल गरेर आफु जित्ने भन्दा कांग्रेसलाई जिताउने र कम्युनिस्टको हविगत खराब गराउनेतिर ध्यान दिएको आभास भएको भन्दै उनले थपे, 'सबैभन्दा ठूलो बाम शक्तिको हिसाबले एमालेले यसबारे ख्याल गर्नुपर्छ भन्ने हामीलाई परेको छ ।'

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल लगायतले एमालेसँग तालमेलका लागि संकेत गरेको एमाले नेताहरुको बुझाई छ । स्वमं एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल पनि गठबन्धनबाट सन्तुष्ट नरहेको सार्वजनिक अभिव्यक्ति दिएका छन् । यो पृष्ठभूमिमा नेकपा एकीकृत समाजवादी र एमालेका बीचमा एकता गरेर जान सकिन्छ कि भन्ने सोचमा एमालेका दोस्रो र तेस्रो तहका नेताहरु पुगेका छन् ।

## एकीकृत...

प्रमुख र १८ वटा उपप्रमुखमा विजय हासिल गरेको छ । समाजवादीले गठबन्धनबाट अपेक्षित नतिजा नआएको बताएपनि नेपाली कांग्रेस र माओवादी केन्द्रले भने राम्रो नतिजा ल्याएको छ । स्थानीय चुनावमा गठबन्धनका घटकसँग रुष्ट बनेको समाजवादीले आगामी निर्वाचनमा गठबन्धन गर्छ गर्दैन त्यो विषयमा भने पछि मात्रै निर्णय हुने नेताहरुको भनाई छ ।

## जनप्रतिनिधिको...

तहमा मतगणना कार्य सम्पन्न हुन सकेको छैन ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल भन्छन्, 'वैशाख ३० गते मतदान स्थगित भई पुनः मतदान भएका मतदान केन्द्रको हकमा मतपेटिका प्राप्त भएको बढीमा चार दिनभित्र मतगणना कार्य सम्पन्न हुनेमा आयोग विश्वस्त छ ।' दाङ जिल्ला तुल्सीपुर उपमहानगरपालिका-१७ र कपिलवस्तु जिल्ला महाराजगञ्ज नगरपालिकाबाहेक वैशाख ३० गते देशभरका सम्पूर्ण स्थानीय तहमा चुनाव भएको थियो ।

## नयाँ...

संख्या धेरै रहेकाले विगतमा जस्तै उक्त व्यवस्था कार्यान्वयन नगरी व्यवसायीको इजाजतपत्र नवीकरण हुने व्यवस्था आगामी वर्षको बजेट वक्तव्यमा नै आउनुपर्ने संघको माग छ ।

त्यसैगरी संघले वैदेशिक रोजगारमा नेपाली कामदार पठाउँदा रोजगारदाताले सेवा शुल्क नदिएको अवस्थामा इजाजतपत्रवालाले दश हजार सेवा शुल्क लिने व्यवस्था अव्यवहारिक ठहरिएको भन्दै त्यसलाई परिवर्तन गरी कामदारको एक महिनाको तलब बराबरको सेवा शुल्क व्यवसायीले लिन पाउने व्यवस्था गर्न माग गरेको छ ।

विश्वव्यापी प्चलन विपरीत २०७२ सालमा नेपाल सरकारको राज्य मन्त्रीस्तरीय निर्णयका आधारमा रोजगादाता कम्पनीले सेवा सुल्क नदिएकोमा बढीमा दश हजार सेवा शुल्क लिन पाउने व्यवस्था अव्यवहारिक भन्दै संघले अर्थ मन्त्रालयमा पठाएको सुझावमा अव्यावहारिक नीतिले नेपाली कामदारको रोजगारको अवसर गुमी कामदार, व्यवसायी र रोजगारदाता समेतलाई गम्भीर असर परेको उल्लेख गरेको छ ।

उक्त नितिका कारणले सरकारले पाउने आयकरवापतको रकमसमेत अति न्यून भएको भन्दै संघले सेवा शुल्क वापत एक महिनाको तलब बरावरको रकम लिन पाउनुपर्ने, रोजगारदाता कम्पनीले कामदारलाई हवाई टिकट नदिएमा कामदार आफैंले टिकट काटी जाने व्यवस्था बजेट वक्तव्यमा नै आउनुपर्ने सुझाव दिएको छ । त्यसबाट सरकारलाई आयकरवापत वार्षिक करिब ५ अर्ब रुपैयाँ प्राप्त हुने र कामदार तथा व्यवसायीसमेतको हित हुने संघको दाबी छ ।

व्यवसायीले इजाजत लिंदा राखेको नगद धरौटीवापत करिब ४ अर्ब ५० करोड नगद राज्य कोषमा फ्रिज भएर बसको र व्यवसायीले सो रकमको ब्याजसमेत नपाएको भन्दै संघले उक्त नगद रकमलाई पनि बैंक ग्यारेन्टी राख्ने र व्यवसायीलाई बजार प्रवर्द्धनका लागि कर्जावापत सहुलियतपूर्णरुपमा प्राप्त गर्ने व्यवस्था गर्न माग गरेको छ ।

नेपाली व्यवसायी विकसित मुलुकहरुमा बजार प्रवर्द्धनका लागि जाँदा विदेशी मुद्रा आवश्यक हुने भएकोले आवश्यकता अनुरुप सटही सुविधा र इजाजतपत्रवाला संस्थालाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, सवारी साधानलगायतका सामान ल्याउँदा भन्सार छुटको व्यवस्था हुनुपर्ने पनि संघले माग गरेको छ । त्यसैगरी संघले नेपाली श्रम बजारमा वार्षिक ५ लाख नयाँ युवायुवती बेरोजगारीको अवस्थामा थप हुने तथ्यांक रहेको भन्दै वैदेशिक रोजगारमा जाने कामदारलाई निःशुल्क सीप विकास गराई सीपयुक्त, व्यक्तिलाई प्राथमिकताका आधारमा वैदेशिक रोजगारमा पठाउने व्यवस्था गर्ने र राहदानी निःशुल्करुपमा बनाइदिने व्यवस्था गर्न माग गरेको छ ।

कामदारको सीप वृद्धि भएमा कामदारको तलब वृद्धि भई अहिले आएको विप्रेषण ५० प्रतिशतले आयमा वृद्धि हुने संघको आंकलन छ । वैदेशिक रोजगारमा गई विदेशमा नेपालीहरुले कमाएको रकमले देशको आर्थिक व्यवस्था चलायमान भएकाले उनीहरुले पठाएको रकमलाई उत्पादनमा जोड्ने गरी आश्रित परिवारका लागी समेत कर्जा सुविधा तथा व्यवसायमा लगानी गर्ने रकमको व्यवस्था बजेटमा गरिनुपर्ने, रेमिट्यान्स अनिवार्यरुपमा नेपालको बैंकिङ प्रणालीमार्फत पठाउने प्रभावकारी व्यवस्था गरिएमा हालको भन्दा अझ धेरै अर्थतन्त्रमा योगदान पुग्ने हुँदा बैकिङ प्रणालीमा रकम पठाउने व्यवस्थालाई प्रोत्साहन गर्न पनि संघको सुझाव छ ।

स्वदेश फर्किने कामदारलाई घरायसी र अन्य सामानमा विशेष भन्सार छुटको व्यवस्था, नेपालमा आई कुनै पेशा, व्यवसाय वा उद्योग गर्न चाहेमा बिना धितो कर्जा प्रदानका अतिरिक्त वैदेशिक रोजगार बोर्डमा वर्षौंदेखि जम्मा भएको रकम कामदार, उनीहरूका आश्रित परिवार र व्यवसायीसमेतको हितमा प्रयोग हुने व्यवस्था गर्न र वैदेशिक रोजगारीमा जाने र फर्केर आएका कामदारलाई सीप विकास तथा स्वरोजगार प्राप्त गर्ने गरी ७ वटै प्रदेशमा उच्चस्तरीय प्राविधिक शिक्षालय सञ्चालन गर्न बजेट विनियोजन गर्न समेत संघले माग गरेको छ ।

## कतारमा...

अल कुवारिले जानकारी दिए । कुवारिका अनुसार अब सरकारी र निजी क्षेत्रका सबै कर्मचारीहरू पूर्णरूपमा काममा फर्कन सक्ने छन्। यहाँका सबै नागरिक, बासिन्दा र आगन्तुकहरूले कुनै पनि कारणले घर बाहिर निस्कँदा एतराज भने खुला राख्नु पर्ने नियम यथावत् नै रहेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार कोरोना नियन्त्रण हुँदै गएका कारण मन्त्रालयले दैनिक सार्वजनिक गर्ने कोरोना संक्रमणका तथ्यांक आगामी आइतबारबाट हप्तामा एक दिन मात्र सार्वजनिक गरिने छ ।

कतारमा हालसम्म कोरोना संक्रमणका कारण ६ सय ७७ जनाले ज्यान गुमाएका छन् भने करिब १६ लाखले बुस्टर डोज खोप लगाइसकेका छन् ।

## पोखरेल...

भण्डारीले ११ हजार ६१६ मत प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी पोखरेलले ९ हजार ५३ मत प्राप्त गरे । त्यसैगरी उपप्रमुखमा नेकपा (एमाले)का सहजादी प्रवीणपनि पराजित भएकी छन् । इलामको सुर्योदय नगरपालिकाको मेयर पदका उम्मेदवार नेकपा एकीकृत समाजवादी पार्टीका रनबहादुर राईले अग्रता लिएका छन् । राई यसअघि पनि सुर्योदय नगरपालिकाका मेयर हुन् । नेकपा एमालेका काजीमान कागतेले राईलाई पछ्याइरहेका छन्।

यसअघि वैदेशिक रोजगार पृष्ठभूमिका भई नेपाली कांग्रेसको तर्फबाट पाल्पाको रामपुर नगरपालिकाको मेयर पदका उम्मेदवार रमण बहादुर थापा र नेपाल वैदेशिक वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष कमल तामाङ ओखलढुगाको सुनकोसी गाउँ पालिका प्रमुखमा निर्वाचित भएका छन् ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०२/०६**

यस **सि.टी. हेल्थ केयर प्रा.लि** को मिति २०७८/०६/१७ गतेको वार्षिक साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ए.पि. डाइग्नोष्टिक सेन्टर प्रा.लि. (प्रा.लि. नं. २६४६३०)**, कायम गर्ने गरी मिति **२०७८/०६/१९** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०७/२८ मा दर्ता भएको **प्रा.लि. नं. ८७७५८** को **बासुकी पार्टी प्यालेस प्रा.लि.** को मिति २०७९/०२/०५ मा सम्पन्न विशेष साधारणको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

### अधिकृत वारेसनामा वदर गरिएको सूचना

गंगादत्तको नाति, पर्शुराम सापकोटाको छोरा चितवन जिल्ला रत्ननगर नगर पालिका वडा नं. १८ घर भई हाल विदेश अष्ट्रेलिया बस्ने वर्ष १२ का अविनय सापकोटा..१ र गंगादत्तको नातिनी, पर्शुराम सापकोटाको छोरी ऐ.ऐ.हाल ऐ.ऐ बस्ने वर्ष ९ की अरोसी सापकोटा..१ समेत जना २ को हकमा संरक्षक भई आफ्नो हकमा समेत भवानी शंकर कडेलको छोरी पर्शुराम सापकोटाको श्रीमती चितवन जिल्ला बछौली वडा नं. ६ को परिवर्तित ऐ. रत्ननगर नगर पालिका वडा नं १८ बस्ने वर्ष ३९ की भिम कला कडेल आगे चि.जि. रत्ननगर नगरपालिका वडा नं. १८ बस्ने अन्दाजी वर्ष ७८ का गंगादत्त सापकोटा..१, गंगादत्त सापकोटाको श्रीमती ऐ.ऐ.बस्ने वर्ष ६५ की तेज कुमारी सापकोटा..१, गंगादत्त सापकोटाको छोरा ऐ.ऐ. बस्ने अन्दाजी वर्ष ४९ का ऋषिराम सापकोटा..१, गंगादत्त सापकोटाको छोरा ऐ.ऐ बस्ने अन्दाजी वर्ष ४० का गोविन्द भन्ने चिन्तामणी सापकोटा..१ र गंगादत्त सापकोटाको छोरा ऐ.ऐ. बस्ने अन्दाजी वर्ष ३७ का पर्शुराम सापकोटा..१ समेतका उपरमा म भिमकला सापकोटाले नाबालक छोराछोरीहरु समेतको तर्फबाट चितवन जिल्ला अदालतमा अंशवण्डा लगायतका मुद्धा दायर तथा हाम्रो उपरमा दायर हुन सक्ने मुद्धाहरुमा प्रतिउत्तर लगायतको मुद्धा मामिला सम्बन्धी सम्पूर्ण कार्य गर्न मिति २०७७/१२/०३ गते अष्ट्रेलिया स्थित नेपाली राजदुतावासको कार्यालयवाट प्रमाणित समेत गरी मनबिर लामाको छोरा चि.जि. भरतपुर महानगरपालिका वडा नं. ४ बस्ने वर्ष ५३ का मानसिंह लामालाई अधिकृत वारेसनामा दिई मुद्धा मामिला सम्बन्धि कार्य गर्दै आएकोमा आजैका मिति देखि लागु हुने गरी उक्त अधिकृत वारेसनामा बदर गरीएको छ ।

**निवेदक - भिमकला सापकोटा**

### कतारमा रोजगार |

१. कम्पनीः **CRREST INTERNATIONAL CONTRACTING**
शहरः **DOHA**

**पुर्व स्वीकृत मितिः २०७८/१२/१४** चलानी नं.: ६०१७६६७६३ **LT. No.: 260571** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८४,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३३,९५० | | | | | | | |
| 3. | Messenger | 1 | 0 | | 1200 | ४०,७४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १३ गते (27 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.

श्रम इजाजत नं. १४६९/०७४/०७५

बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९

Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



### सिदिङ्वा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**(योजना तथा अनुगमन ईकाइ)**
**साब्लाखु-ताप्लेजुङ**
**१ नं. प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/०६**

यस कार्यालयको मिति २०७८/११/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा E–Bid मार्फत आव्हान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका वोलपत्र दाताहरुबाट प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्तावहरु मध्ये मिति २०७८/१२/११ गते खोलिएका वोलपत्रदाताहरुको प्राविधिक प्रस्तावनाहरुको मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई मिति २०७९/०२/०५ को निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका वोलपत्र दाताहरुको प्रस्ताव सारभुत रुपमा प्रभावकारी देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ 'ङ' उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति र समयः** २०७९/०२/१३ गते दिनको १२:०० बजे
**स्थानः** गाउँपालिकाको कार्यालय, साब्लाखु, ताप्लेजुङ ।

**तपशिलः**

| SN | IFB Number | Name of Contract | Substantially responsive bidders in Technical Bid |
|---|---|---|---|
| 1 | SRM/TPJ/NCB/Works/LWSIP/2078/079–07 | CONSTRUCTION OF KABELIKHOLA MADIBUNG LIFT WATER SUPPLY AND IRRIGATION PROJECT | Y.P.R Nirman Sewa. Pvt. Ltd.,Dhankuta–7. |

**प्रमुख प्रशासकीय अधिकृत**



### डिभिजन वन कार्यालय भेरी
**बाबियाचौर, सुर्खेत**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रथम प्रकाशित मिति : २०७९/०२/०६**

यस कार्यालयबाट मिति २०७८/११/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित इ-बिड मार्फत बोलपत्र आवहान सम्बन्धि सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोलि प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा सफल भएका तपसिल बोलपत्र दाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव २०७९/०२/१३ गतेको दिन ठिक १:०० बजे डिभिजन वन कार्यालय भेरी, बाबियाचौरमा खोलिने भएको सार्वजनिक नियमावलिको नियम ३१ (ङ) को उपनियम (५) र(६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N | Contract ID | Description of Works | Technical Proposal Successful Bidder |
|---|---|---|---|
| 1 | DFOB/PPM/NCB/2078/079-04 | Construction of Administrative Building Office DFO Bheri | 1. Swar Construction Pvt. Ltd. Dhangadhi, Kailali<br>2. Sarmila Nirmaan Sewa<br>3. Majdur Construction Pvt. Ltd. Birendranagar Surkhet |

**कार्यालय प्रमुख**



### Dharche Rural Municipality
### Office of Rural Municipal Executive
**Machhikhola, Gorkha**

**Invitation for Quotations**


**Invitation for Quotations for the Construction of Ward Office Building of Laprak.**
**Contract Identification No: DRM/WORKS/SQ/01/2078/079**
**Date of publication: 2079/02/06 (May 20 2022)**

1. The *Dharche Rural Municipality* invites sealed quotations for the construction of ***Ward Office Building of Laprak.***
2. The estimated amount for the works is ***17,36,323.68*** (Exclusive of VAT.)
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dharche Rural Municipality. Machhikhola, Gorkha, Phone: 9856041451/9862286871*** *and* ***Email: rmdharche@gmail.com.***
4. A complete set of Bidding Documents may be purchased from the office **Dharche Rural Municipality. Machhikhola, Gorkha** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till ***2079/02/21 during office hours***.
   **Name of the Bank: Civil Bank Ltd**
   **Name of Office: Dharche Rural Municipality**
   **Account for Bid Form (Rajaswa khata): Dharche Gaupalika Ga-1-1-07510357041108**
   **Account no (Dharauti khata) for Bid Security: Ga-3-Dharauti-07510357041043 Dharche Gaupalika**
   **Identification No: DRM/SQ/WORKS/01/2078/79**
   **Description of Work: Construction of Ward Office Building of Laprak**
5. Sealed bids must be submitted to the office **Dharche Rural Municipality** by before 12:00 PM on 2079/02/21. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/02/10 At 2:00 PM at the office of *Dharche Rural Municipality*. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs.50,000**, which shall be valid for 30 days beyond the validity period of the bid 12:00 PM on 2079/02/21.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

स्थानीय तह निर्वाचन

# जो गोला प्रथाबाटै भए विजयी




**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ५ जेठ

वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनको परिणाम आउने क्रम जारी छ। बिहीबार साँझ ८ बजेसम्म ५ सय ८५ स्थानीय तहको मतपरिणाम सार्वजनिक भइसकेको छ।

निर्वाचन आयोगका अनुसार नेपाली कांग्रेसल २६० स्थानमा जित हात पारेको छ भने नेकपा एमालेले १६३ स्थानमा जितेको छ। नेकपा माओवादी केन्द्रले १०५, जनता समाजवादी पार्टीले १८, एकीकृत समाजवादीले १२ र अन्य दलहरूले २७ स्थानमा जितेका छन्।

यसरी निर्वाचनमा विजयी हुनेमध्ये केहि निकै रोचक रुपमा निर्वाचित भएका छन्। जो अन्त्यमा गोलाप्रथाबाटै निर्वाचित भएका छन्। धादिङको नीलकण्ठ नगरपालिका ६ का वडाध्यक्षका प्रत्याशीहरू दुई जनाको बराबरी मत आएपछि गोलाप्रथा गरिएको छ।

गोलाप्रथाबाट नेपाली कांग्रेसका उम्मेदवार भुपेन्द्र श्रेष्ठ विजयी भए। मतगणना गर्दा नेपाली कांग्रेसका उम्मेदवार श्रेष्ठ र नेकपा माओवादी केन्द्रका उम्मेदवार लक्ष्मण रस्तेल दुवैको बराबर ७ सय ५८ मत आएको थियो।

वडाध्यक्षमा बराबर भए पनि ४ वटा वडा सदस्यहरूमा नेपाली कांग्रेसका उम्मेदवारहरू विजयी भएका छन्। नामको वर्णानुक्रमअनुसार पहिले भुपेन्द्रले गोला छनोट गरेका थिए। त्यसपछि उनी नै विजयी भएको बताइएको छ। यो वडामा २०७४ सालमा नेकपा एमालेका उद्धव रिजाल विजयी भएका थिए। यसपटक एमाले तेस्रो स्थानमा पुगेको छ।

गत वैशाख २८ गते राति नेपाली कांग्रेसका उम्मेदवारहरूलाई आक्रमण गरेर गम्भीर घाइते बनाएको अभियोगमा नेकपा माओवादी केन्द्रका उम्मेदवार लक्ष्मण रस्तेल प्रहरी हिरासतमा छन् भने उक्त घटनामा गम्भीर घाइते भएका कांग्रेस उम्मेदवार भुपेन्द्र श्रेष्ठ भने टाउकोको अपरेसन गरेर काठमाडौं अस्पतालमा उपचाररत रहेका छन्। गोला झिक्नका लागि रस्तेललाई प्रहरी हिरासतबाट मुख्य निर्वाचन अधिकृतको कार्यालयमा लगिएको थियो भने भुपेन्द्रको तर्फबाट कांग्रेस धादिङका पार्टी सभापति रोहबर बसेका थिए।

यसैबीच महोत्तरीको बर्दिबास नगरपालिका-८ मा पनि गोलाप्रथाबाटै वडाअध्यक्ष चुनिएका छन्।

वडाध्यक्षका उम्मेदवार जो पहिलोपटक निर्वाचित भइसकेर पनि फेरि गोलाप्रथाबाट वडाध्यक्षमा निर्वाचित भएका हनु। वडाध्यक्षमा निर्वाचित भइसकेका तर एउटा मतपेटिका गणना छुटेको थियो।

उक्त मत पेटिका गणना गरिएपछि पनि मत परिणाम बराबर आएको थियो। गोलाप्रथा गर्दा नेकपा माओवादी केन्द्रका समसेर सिंह लामा नै विजयी भए।

नेकपा एमालेका रुद्रबहादुर किङगरिया मगरसँग छुटेको मत गणना गर्दा दुवैले ७६७ मत प्राप्त गरेका थिए। त्यसपछि गोलाप्रथा गरिएको थियो। यसअघि वडाध्यक्षमा निर्वाचित भएका लामाले ७५१ मत पाएका थिए भने मगरले ७४४ मत पाएका थिए।

यस्तै रोल्पामा पनि उम्मेद्वारको बराबर मत आएपछि गोलाप्रथाबाट वडाअध्यक्ष चुनिएको छ। रोल्पा नगरपालिका २ मा कांग्रेस र माओवादी उम्मेद्वारको बराबर मत आएपछि गोला प्रथा गरिएको हो। गोला प्रथाबाट माओवादीका प्रकाश डाँगी निर्वाचित भएका छन्।

कांग्रेसका देउचन थापा र माओवादीका प्रकाश डाँगीको ५ सय ४३ मत आएको थियो। गोला प्रथाबाट निर्वाचित भएका डागीका समर्थकले विजय जुलुस समेत निकालेका थिए।

यसैबीच सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-२ मा पनि गोलाबाटै वडाध्यक्ष निर्वाचित भएका छन्। कांग्रेस र माओवादी केन्द्रबीच चर्को प्रतिस्पर्धा भयो।

०७४ मा थोरै मतले निर्वाचित छविलाल न्यौपाने यसपटक पनि कांग्रेसबाट वडाध्यक्षका उम्मेदवार थिए। माओवादी केन्द्रबाट बलिया मानिएका उम्मेदवार पुरुषोत्तम सापकोटा प्रतिस्पर्धामा थिए। दुवैको मत गन्दा बराबरी अर्थात् ४ सय ९५ मत आयो। दलीय सहमतिमा गरेको गोला प्रथाबाट निवर्तमान वडाध्यक्ष न्यौपाने विजयी भएका छन्।

यसैबीच मनाङको चामे गाउँपालिका-५ मा एमालेका कैले गुरुङ पनि गोला तानेर पुनः वडाध्यक्षमा विजयी भएका छन्। कांग्रेस उम्मेदवार फुर्पा छिरिङ लामा र उनले बराबर ३०-३० मत ल्याए। मुख्य निर्वाचन अधिकृत पुनाराम खनालका अनुसार दुवैको सहमतिमा गोला प्रथा गर्दा कैले पुनः वडाध्यक्षमा चुनिएका छन्।

यसैबीच सुर्खेतको पञ्चपुरी नगरपालिका वडा नं. ३ मा नेकपा एमालेका वडा अध्यक्ष पदका उम्मेदवार गोला प्रथाबाट हारेका छन्। नेपाली कांग्रेसका उम्मेदवार बलबहादुर रोकाय ६७३ मत र नेकपा एमालेका उम्मेदवार चन्द्रवीर रावतको ६७३ बराबर मत प्राप्त गरेका थिए।

निर्वाचन प्रकृयाको कानून अनुसार बराबर मत प्राप्त गरेको खण्डमा गोला प्रथाबाट एक मत थप गरी विजयी गराउने कानूनि प्राव्धान रहेको छ। सोही अनुसार गोलाप्रथा गर्दा एमाले उम्मेदवार रावत पराजित भएका हुन।

# निर्वाचन सुरक्षाबारे समीक्षा




**काठमाडौं/मस–**गृहमन्त्री बालकृष्ण खाँणको अध्यक्षतामा बिहीबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा गत वैशाख ३० मा एकै चरणमा मुलुकभर सम्पन्न स्थानीय तह निर्वाचनको सुरक्षा व्यवस्थापनबारे समीक्षा भएको छ।

निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गर्न अहोरात्र खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, म्यादी प्रहरी र राष्ट्रसेवक कर्मचारीलाई बैठकले धन्यवाद दिएको छ। बैठकले निर्वाचनमा सक्रिय सहभागिताका लागि राजनीतिक दलप्रति पनि धन्यवाद व्यक्त गरेको गृहमन्त्रालयले जानकारी दिएको छ।

निर्वाचन गराउने सिलसिलामा घाइते भएका सुरक्षाकर्मी तथा कर्मचारीको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने, निर्वाचनमा खटिएका बेलामा मृत्यु भएका नेपाल प्रहरी र म्यादी प्रहरीका परिवारमा दुःख व्यक्त गर्दै परिवारमा समवेदना व्यक्त गरेको छ। मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम निर्वाचनका क्रममा खटिँदा घाइते भएका सुरक्षाकर्मीलाई उपचार खर्च र मृत्यु भएकाका परिवारलाई राहत दिने प्रक्रिया सुरु गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय बैठकले गरेको छ।

स्थानीय तह निर्वाचनका क्रममा खटिएका पाँच म्यादी प्रहरी र एक प्रहरीको मृत्यु भएको बैठकमा जानकारी गराइएको थियो। मन्त्रिपरिषद् बैठकले निर्वाचनमा खटिएका बेला मृत्यु हुने सुरक्षाकर्मी र म्यादी प्रहरीका परिवारलाई जनही रु २० लाख दिने र घाइतेको उपचार खर्च बेहोर्ने निर्णय गरेको थियो।

बैठकमा निर्वाचन सम्पन्न गर्न अहोरात्र खटिएका निर्वाचन आयोग, प्रमुखसहित आयुक्तहरु, मुख्य निर्वाचन अधिकृत भएर खटिएका न्यायाधीशहरुलाई पनि एकै चरणमा निर्वाचन सम्पन्न गर्न योगदान पुऱ्याएको भन्दै धन्यवाद व्यक्त गरिएको थियो।

गृहप्रवक्ता फणीन्द्रमणि पोखरेलले बैठकमा अहिलेको निर्वाचनमा भएका कमजोरी र आगामी निर्वाचनमा सुधार गर्नुपर्ने विषयबारे परामर्श भएको बताए।

# मेयर बन्न सांसद पदबाट राजीनामा, ५४२ मतले पराजित



**सर्लाही/मस–** स्थानीय तहको निर्वाचनमा मेयर पदको उम्मेदवार बन्न सांसद पदबाट राजीनामा दिएका उपेन्द्र कुशवाहा अन्ततः पराजित भएका छन्।

सर्लाहीको गोडैता नगरपालिकामा नेपाली कांग्रेसबाट उम्मेदवार बनेका कुशवाहा बिहीबार सम्पन्न भएको नतिजा अनुसार पराजित भएका हुन्।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का देवेन्द्रकुमार यादवले उनलाई ५४२ मतले हराए।

यादवले ५ हजार २९४ मत ल्याउँदा कुशवाहाले ४ हजार ७५२ मत मात्रै प्राप्त गरे।

०७४ को स्थानीय निर्वाचनमा समेत उनी पराजित भएका थिए। तर, पछि प्रदेश सभाको निर्वाचनमा उनी निर्वाचित भएका थिए। नेपाली कांग्रेसबाट सर्लाही निर्वाचन क्षेत्र ४ को 'ख' बाट उनी निर्वाचित भएका थिए।

## हत्या अभियोगमा पक्राउ

**कपिलवस्तु/मस–** आफ्नै झड्केलो छोरा ५ वर्षीय आशिष कुमालको कुटपिट गरी हत्या गरेको अभियोगमा एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा वाणगंगा नगरपालिका-५ सिमलखोर बस्ने २६ वर्षीय लक्ष्मण कोहार रहेका छन्। उनलाई बुधबार राति प्रहरीले पक्राउ गरेको हो।

कोहारले कुटपिट गर्दा गम्भीर घाइते भएका आशिषको सामुदायिक अस्पताल चार नम्बरमा उपचारको क्रममा मृत्यु भएको हो। इलाका प्रहरी कार्यालय कोपवा र ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## सिरहा डायरी

राजेन्द्र महतो/मध्यान्ह

# कर्जन्हाको मेयरमा पोखरेल



कर्जन्हा नगरपालिकाको मेयरमा नेकपा एमालेका भोला प्रसाद पोखरेल र उपमेयरमा जनता समाजवादी पार्टीकी लक्ष्मी कुमारी श्रेष्ठ निर्वाचित भएकी छन्।

पोखरेल ३ हजार ८ सय ३९ मत ल्याई मेयरमा विजयी भए। पोखरेलका निकटतम प्रतिस्पर्धीहरु जसपाका केशव प्रसाद साहले ३ हजार २ सय २३ र नेकपा माओवादीका उम्मेदवार तथा निवर्तमान मेयर गंगा पासवानले २ हजार ४ सय ८२ मत ल्याए।

उपमेयर श्रेष्ठले ३ हजार ४ सय ८७ मत ल्याएर विजयी भएकी छिन्। निकटतम प्रतिस्पर्धीहरु नेकपा एमालेकी निर्मला कुमारी देवी पासवानले ३ हजार ९५ मत र नेकपा माओवादी केन्द्रका उम्मेदवार तथा निवर्तमान उपमेयर ज्ञान कुमारी श्रेष्ठले २ हजार ४ सय ५६ मत प्राप्त गरिन्।

नेकपा एमालेका तर्फबाट वडा नं १ मा ३ सय २० मतसहित कनिन्द्र प्रसाद पोखरेल, वडा नं २ मा ६ सय १३ मतसहित जगरनाथ यादव, वडा नं ३ मा ४ सय ३६ मतसहित प्रकाश कोइराला, वडा नं ९ मा ३ सय ४६ मतसहित मो. मुस्ताकिन र वडा नं १० मा ४ सय मतसहित सागिर मियाँ निर्वाचित भएका छन्।

जनता समाजवादीका तर्फबाट वडा नं ६ मा ६ सय २१ मतसहित प्रकाश मान श्रेष्ठ, वडा नं ८ मा ५ सय ७३ मतसहित शम्भु कुमार व्यार सुडी र वडा नं ११ मा ४ सय ६७ मतसहित किस्मत राई विजयी भएका छन्।

नेकपा माओवादी केन्द्रका तर्फबाट वडा नं ४ मा उम्मेदवारी दिएका प्रताप विश्वकर्मा ४ सय ३६ मत प्राप्त गरी निर्वाचित भए। नेकपा एसका तर्फबाट वडा नं ५ मा दिपक केसी २ सय ८० मत र वडा नं ७ बाट स्वतन्त्र उम्मेदवारी दिएका रामसेवक यादव ४ सय ४० मत प्राप्त गर्दै विजयी भएका छन्।

२०७४ को स्थानीय तह निर्वाचनमा प्रमुख, उपप्रमुख बहुमत वडासहित नेकपा माओवादी केन्द्रले विजयी हासिल गरेको थियो। यो पटक माओवादी तेस्रो स्थानमा पुगेको छ। यस पालिकामा १० हजार ६ सय ८५ पुरुष र ९ हजार ७ सय ८२ महिलासहित २० हजार ४ सय ६७ मतदाता रहेका छन्। जसमध्ये १५ हजार एक सय ३३ जनाले मतदान गरेको निर्वाचन कार्यालयले जनाएको छ।

# सिरहा नगरपालिकाको मेयरमा यादव विजयी




सिरहा नगरपालिकाको मेयर र उपमेयर पदमा नेकपा एमाले विजय भएको छ। मेयरमा एमालेका डा.नवीन कुमार यादव र उपमेयरमा बविता कुमारी साह निर्वाचित भएका छ्न्।

एमालेका जिल्ला उपाध्यक्ष समेत रहेका डा. यादव दुई हजार दुई सय २३ मतान्तरले विजय भएका छन्। उनले ११ हजार एक सय ४३ मत प्राप्त गरेका छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका मधेश प्रदेश महामन्त्री उपेन्द्र कुमार यादवले ८ हजार सात सय २० मत पाए।

निवर्तमान मेयर अशेश्वर प्रसाद यादवले सात हजार सात सय ३४ र नेकपा एकीकृत समाजवादी पार्टीका रिता कुमारी यादवले पाँच हजार नौ सय तीन मत पाए। मेयरमा निर्वाचित डा. यादव स्थानीय तह निर्वाचन २०७४ मा जसपा नेपालका अशेश्वर प्रसाद यादवसँग एक सय ७१ मत अन्तरले पराजित भएका थिए।

यस्तै उपमेयरमा निर्वाचित साहले १० हजार एक सय २६ मत प्राप्त गरेकी छन्। उनी एक हजार पाँच सय ३७ मत अन्तरले विजयी भएकी हुन्। उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसकी सरिता कुमारी यादवले ८ हजार पाँच ८९, जनता समाजवादी पार्टी नेपालकी शशी ऋषि मित्रा माझी मुसहरले सात हजार ८ सय ५५ र नेकपा एकीकृत समाजवादी पार्टीकी रविन्द्र कुमार साहले ६ हजार ७ सय ४२ मत प्राप्त गरेका छन्।

# अर्नामा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्षमा जसपा

अर्नामा गाउँपालिकामा जनता समाजवादी पार्टीका अशोक कुमार यादव विजयी भएका छन्।

विजयी भएका यादव ३२३३ मत प्राप्त गरेका छन्। उनका निकटतम प्रतिद्वन्द्वी एमाले जिल्ला अध्यक्ष नेकपा एमालेका जिल्ला अध्यक्ष चन्देश्वर मण्डलले २८१० मत प्राप्त गरेका छन्।

यसैगरी, माओवादी केन्द्रका ठकुर महतो २२२० मत ल्याएका छन्। उनी ०७४ मा गाउँपालिका अध्यक्ष निर्वाचित भएका थिए। नेपाली कांग्रेसका उम्मेदवार धर्मदेव कामती १९५१ मत प्राप्त गरेका छन्।

यसैगरी, उपाध्यक्षमा जसपाका शोभाकुमारी साह विजयी भएका छन्। उनले ३१५९ मत प्राप्त गरेका छन्। उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी रामपुकारीदेवी कोइरीनले २९५७ मत पाइन्।

माओवादी केन्द्रकी सियावती मुखिया २२३९ मत पाइन्। उनी ०७४ मा १ मतले गाउँपालिका उपाध्यक्षमा निर्वाचित भएका थिए।

कांग्रेसकी नयनकुमारी यादव १९३३ मत प्राप्त गरेकी छन्। वडा १ माओवादी केन्द्रका गफार मियाँ, वडा २ मा एमालेका दिपेन्द्रकुमार यादव, वडा ३ मा जसपाका महेश कुमार यादव, वडा ४ मा एमालेका शिवशंकर यादव र वडा ५ मा जसपाका मनिकलाल यादव विजयी भएका छन्।

# सखुवानन्कारकट्टी गाउँपालिकाको अध्यक्षमा यादव विजयी




सखुवानन्कारकट्टी गाउँपालिकाको अध्यक्षमा नेकपा एकीकृत समाजवादीका केदारनाथ यादव र उपाध्यक्षमा नेपाली कांग्रेसकी निलम यादव निर्वाचित भएका छन्।

अध्यक्ष यादव निकटतम प्रतिस्पर्धी कांग्रेसका शत्रुघन प्रसाद साहलाई २६ मतान्तरले पराजित गर्दै निर्वाचित भएका हुन्। उनले ३ हजार ४ सय ७ मत पाए भने कांग्रेसका साहले ३ हजार ३ सय ८१ मत प्राप्त गरे।

यादव अध्यक्षमा पुनः निर्वाचित भएका हुन्। २०७४ को निर्वाचनमा पनि यादव नेकपा एमालेबाट अध्यक्ष निर्वाचित भएका थिए।

उपाध्यक्षमा कांग्रेसकी निलम यादव ३ हजार ४ सय ६२ मतसहित विजयी भएकी छिन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा एसका प्रमिला यादवले ३ हजार २ सय २६ मत प्राप्त गरेको निर्वाचन अधिकृत अनन्त पौड्यालले बताए।

पालिकामा कांग्रेसले २, नेकपा एसले २ र जसपाले एउटा वडा जितेको छ। वडा नं १ र २ मा क्रमशः कांग्रेसका संजय कुमार यदव र तनुकलाल यादव वडा अध्यक्षमा विजयी भएका छन्।

नेकपा एसका तर्फबाट वडा नं ३ मा भोगेन्द्र यादव र वडा नं ५ मा विशेश्वर प्रसाद यादव निर्वाचित भएका छन्। वडा नं ४ मा भने जनता समाजवादी पार्टी नेपालका रमेश कुमार यादव विजयी भएका छन्।

# विष्णुपुर गाउँपालिकाको अध्यक्षमा यादव निर्वाचित

विष्णुपुर गाउँपालिका अध्यक्षमा नेकपा एमालेका सत्यनारायण यादव र उपाध्यक्षमा जसपाकी जिताकुमारी सिंह निर्वाचित भएका छन्।

अध्यक्ष यादवले ४१ मतान्तरले निर्वाचित भएका छन्। उनले दुई हजार १ सय ५८ मत पाउँदा निकटतम् प्रतिद्वन्द्वी जसपाका जागेश्वर यादवले दुई हजार १ सय १७ मत पाएका छन्।

निर्वाचित अध्यक्ष यादव ०७४ को निर्वाचनमा जसपाका जागेश्वरसँग पराजित भएका थिए। अध्यक्षमा कांग्रेसका कुशेश्वर यादवले एक हजार ६ सय ६०, माओवादी केन्द्रका हजारी साहले एक हजार ८ सय १२, जनमत पार्टीका सत्यनारायण यादवले ५सय ८२ र एकीकृत समाजवादीका शत्रुधन यादवले १०७ मत प्राप्त गरेका छन्।

उपाध्यक्षमा जसपाकी जिताकुमारी सिंह निर्वाचित भएकी छन्। सिंहले दुई हजार २७२ मत प्राप्त गर्दा कांग्रेसकी चन्द्रकला कुमारी यादवले एक हजार ९६९, एमालेकी शान्तिदेवी यादवले एक हजार ७६४, माओवादीकी रिंकुकुमारी यादवले एक हजार ३१६, जनमत पार्टीकी गंगाकुमारी यादवले ८७३ र एकीकृत समाजवादीकी ममताकुमारी सिंहले ११८ मत पाएका छन्।

यसैगरी गाउँपालिकाको वडा नम्बर १ मा भोगेन्द्र यादव (जसपा), वडा नम्बर २ मा प्रमोदकुमार यादव (कांग्रेस), वडा नम्बर ३ मा जयकुमार यादव (जसपा), वडा नं. ४ मा रामबाबु यादव (कांग्रेस) र वडा नम्बर ५ मा जयनाथ यादव निर्वाचित भएका छन्।



मध्यान्ह
www.madhyanhadaily.com
६ जेठ २०७९, शुक्रबार
20 May 2022, Friday

सम्पादकीय

## जनप्रतिनिधिलाई जनताको सन्देश

स्थानीय चुनावको अन्तिम नतिजा आउन बाँकी भएपनि यसले दिनुपर्ने सन्देश दिइसकेको छ । राष्ट्रिय राजनीतिमा राजनीतिक दलहरूको हैसियत लगभग प्रष्ट भइसकेको छ । पाँच वर्ष अगाडि मुलुकको पहिलो शक्ति बनेको नेकपा एमाले दोस्रोमा खुम्चिएको छ । एमालेको ठाउँमा नेपाली कांग्रेस उक्लिएको छ । नेकपा माओवादी केन्द्र आफ्नै ठाउँ तेस्रोमा सुरक्षित भएको छ । त्यसपछि जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी क्रमशः राजनीतिक हैसियतको शक्ति बनेको छ । माओवादीलाई उछिन्ने अवस्था नरहेपनि चौथो देखि मुनिका राजनीतिक शक्तिहरूबीच प्रतिशपर्धा हुने अझै प्राविधिक सम्भावना छ । तर सामान्यतयाः अब राजनीतिक दलहरूको हैसियत प्रष्ट भइसकेको छ ।

दलको हैसियतसँगै निर्वाचित जनप्रतिनिधिबारे पनि अनेक सन्देश आइसकेको छ । राजधानी शहर काठमाडौं महानगर सहित १५ भन्दा बढी स्थानीय तहमा स्वतन्त्र उम्मेद्वारले राजनीतिक दलका उम्मेद्वारलाई पछि पारेका छन् । ८ स्थानीय तहको नेतृत्व स्वतन्त्र उम्मेद्वारी दिएका व्यक्तिले लिइसकेका छन् । काठमाडौंमा बालेन्द्र साह, धरान उपमहानगर पालिकामा हर्क साम्पाङ, धनगढी उपमहानगर पालिकामा गोपाल हमाल, जनकपुर उपमहानगर पालिकामा मनोज साह लगायतले अग्रता लिइरहेका छन् । स्वतन्त्र उम्मेद्वारले पाएको मतले राष्ट्रिय राजनीति तरंगित भएको त छ नै, प्रमुख राजनीतिक दलहरूकै उम्मेद्वारबीच मात्रै प्रतिशपर्धा हुने मान्यता समेत तोडिएको छ । यसले दलहरूलाई उम्मेद्वार चयनमा विषेश ध्यान दिनुपर्ने सन्देश दिएको छ ।

अर्को महत्वपूर्ण सन्देश भनेको जनप्रतिनिधिहरूकै निम्ति पनि यसपटक मतदाताले दिका छन् । किनकि ०७४ को चुनाव नयाँ संविधान बनेपछि पहिलो पटक भएको थियो । त्यसअघि २० वर्षसम्म चुनाव नभएको र ०५४ को स्थानीय चुनाव पनि पुरानै संरचनामा भएको थियो । तर यसपटक प्रतिनिधिहरूकै पनि मतदाताले परीक्षा लिए । दलहरूले आधा जति जनप्रतिनिधिलाई फेरि उम्मेद्वार बनाएका थिए भने अघिल्लो पटक पराजित उम्मेद्वार पनि प्राथमिकतामा परेका थिए । तर तिनै जनप्रतिनिधिले मात्रै जिते, जसले जनताको मन जित्न सकेका थिए । होइन भने जनप्रतिनिधिहरू यसपटक पराजित भएको कयौं उदाहरण छन् । नवनिर्वाचित जनप्रतिनिधिले यसतर्फ ध्यान दिन जरूरी छ । मतदाता सचेत छन् र उनीहरूले अब झुटो कुरा मान्नेवाला छैन भन्ने पनि पुष्टि भएको छ ।

# संसदीय भुलभुलैया र वाम शक्ति

*संसदीय निर्वाचनलाई पूर्णरूपले स्वीकार गरेका, यसलाई आफ्नो पार्टी राजनीतिको प्रचार र सरकारको भण्डाफोरका लागि उपयोग गरेका र निर्वाचन बहिष्कारको नारा दिएर पनि भित्रभित्रै उम्मेदवार उठाएका वाम पार्टीहरूका बीचमा अन्तरपार्टी गोलमेच सम्मेलन हुन सक्नुपर्ने देखिएको छ । किनकी आगामी केही महिना पछि नै नेपालमा फेरी संसदको निर्वाचन हुने कुराहरू सार्वजनिक भएका छन् ।*

अग्रलेख



● डा. केशव देवकोटा

संसदीय व्यवस्थालाई कम्युनिष्टहरुले 'खसीको टाउको राखेर कुकुरको मासु बेच्ने व्यवस्था'का रूपमा अर्थ्याउने गर्दछन् । नेपालका पनि खासगरी प्रजातान्त्रिक उदारवादी धारका कतिपय नेताहरुले वाम पार्टीको संसदीय राजनीतिको सहभागितालाई लिएर टिकाटिप्पणी गर्दा पनि उपरोक्त प्रशङ्ग दोहोऱ्याउने गरेको छन् । वास्तवमै यो व्यवस्था खसीको टाउको राखेर कुकुरको मासु बेच्ने भनेजस्तै खालको भुलभुलैयामा आधारित व्यवस्था हो भन्ने कुरा स्थानीय निर्वाचनका क्रममा हालसम्म देखिएका गतिविधिहरुले पनि पुष्टि गरेको छ । जसमा विभिन्न संसदवादी पार्टीहरुले सर्वसाधारण जनतालाई ठूल्ठूला आश्वासन र विभिन्न प्रलोभनमा भुलाएर मत मागेका छन् । सत्ता र शक्तिमा भएकाहरुले देशको संविधान, ऐन कानून र नीति नियम कुनैको पनि पालना गरेनन् । निर्वाचनको तयारीदेखि मतदानका दिनसम्ममा को-कसबाट के-कस्ता हर्कतहरु भए भन्ने कुराले उपरोक्त विषयलाई पुष्टि गर्दछ ।

संसदीय निर्वाचनमा आवधिक निर्वाचन र बहुलवादलाई प्रमुख मानिन्छ । तर आफूलाई संसदीय व्यवस्थाको मसिहा ठान्ने नेपाली कांग्रेसलगायतका दलहरुले नै यो निर्वाचनका सन्दर्भमा उपरोक्त कुराको खिल्ली उडाएका छन् । किनकी सबैलाई थाहा भएको कुरा हो, संसारमा जहाँ पनि गठबन्धन सरकार गठन हुनसक्छ, तर विचार नै नमिल्ने पार्टीहरुका बीचमा चुनावी तालमेल गर्ने भन्ने हुँदैन । कथंकदाचित गरे पनि विचार मिल्ने मित्र शक्तिहरुका बीचमा मात्र हुन्छ ।

संसदीय व्यवस्थामा आवधिक निर्वाचन भन्ने कुरा विभिन्न दलहरुले मतदाताका माझमा दिने परीक्षा जस्तै हो । संसदीय व्यवस्थामा सिद्धान्त भन्ने खासै महत्वको हुँदैन । दलहरुले चुनावी घोषणापत्रमार्फत हरेक पाँच वर्षमा जनताका सामू केही बचनबद्धता व्यक्त गरेका हुन्छन् । अर्को पाँच वर्षपछि फेरी निर्वाचन आउँदा मतदाताहरुले त्यसअघिको प्रतिबद्धता पूरा भयो कि भएन भनेर विभिन्न दल र उम्मेदवारहरलाई जाँच्ने काम हुन्छ । संसदीय राजनीति एक प्रकारको पपुलिष्ट राजनीति पनि हो । जसरी भएपनि जनतामा प्रभाव पारेर मत माग्ने । मत प्राप्त गरेर पदमा पुगेपछि आफ्ना प्रतिबद्धताहरुलाई पूरा गर्न प्रयास गर्ने । यदि सो प्रतिबद्धता पूरा नभएमा अर्को चरणको निर्वाचनमा पछाडि हट्ने । तर, नेपालमा कस्तो देखियो भने बहुदलीय व्यवस्था रहेको भनिए पनि यसपटक नेपाली कांग्रेस र माओवादी केन्द्रलगायतका विपरित विचारका दलहरुले चुनावका सन्दर्भमा केही स्थानहरुमा तालमेल गरेर निर्दलीय व्यवस्थाको अभ्यास गर्ने प्रयास गरिरहेका छन् । यथार्थमा यो पाँच दलीय गठबन्धन संविधान बचाउन र ०६३ को राजनीतिक परिवर्तनका संघीयतालगायतका उपलब्धीहरु बचाउन गठन गरिएको भनिए पनि त्यो देखाउने दाँतमात्र हो । यथार्थमा यो सरकार तत्कालीन अवस्थामा एमाले नेतृत्वको सरकारले एमसीसी पारित गराउन आलटाल गरेर त्यसलाई पर सार्दै संसदको मध्यावधी निर्वाचनमा जान खोजेपछि त्यसलाई हटाएर आश्चर्य लाग्दो ढंगले गठन गरिएको हो । यो सरकार गठन हुनुको प्रमुख कारण जसरी पनि एमसीसी पारित गराउनकै लागि थियो । त्यो पारित भएको घोषणा भएपछि वर्तमान गठबन्धन सरकारको औचित्य समाप्त भएको छ । अब बाह्य शक्ति अर्को गठबन्धनबाट एमसीसीको कार्यान्वयन गराउन खोजिरहेका छन् । त्यसैले ३० गतेको स्थानीय निर्वाचनमा पाँच दलका बीचमा २८ प्रतिशत स्थानमा मात्र चुनावी तालमेल हुनसकेको छ ।



*वास्तवमै यो व्यवस्था खसीको टाउको राखेर कुकुरको मासु बेच्ने भनेजस्तै खालको भुलभुलैयामा आधारित व्यवस्था हो भन्ने कुरा स्थानीय निर्वाचनका क्रममा हालसम्म देखिएका गतिविधिहरूले पनि पुष्टि गरेको छ । जसमा विभिन्न संसदवादी पार्टीहरूले सर्वसाधारण जनतालाई ठूल्ठूला आश्वासन र विभिन्न प्रलोभनमा भुलाएर मत मागेका छन् ।*

अहिले सत्ता र शक्तिमा टिकिरहनका लागि आफ्नो पार्टीका नेता तथा कार्यकर्तालाई अर्को पार्टीको चुनाव चिन्हमा मतदान गर्न दबाव दिनेलगायतका कामहरु पनि भएका छन् । जुन राजनीतिक नैतिकता बाहिरका कुराहरु हुन् । माओवादी केन्द्रले त आफ्नो पार्टीको चुनावी घोषणापत्रसमेत सार्वजनिक गरेन । उसका लागि सिद्धान्तको कुरा त छँदै थिएन, अन्य संसदीय बचनबद्धतासमेत व्यक्त गर्न आवश्यक ठानेन । सुरुमा पाँच दलीय गठबन्धनका घटकहरुका बीचमा मित्रवत चुनावी प्रतिस्पर्धा हुनुपर्ने र गठबन्धन बाहेकका अन्य दलहरुसँग चुनावी तालमेल गर्न नपाइने पनि भनिएको थियो । तर, उनीहरुले आफूले बोलेका कुराहरु आफैले उल्लघंन गरे । हुँदा-हुँदा कतिपय स्थानमा गठबन्धन राजनीतिका रचनाकार कांग्रेस र माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरुकै बीचमा पनि भिडन्तहरु भएका छन् । कतिपय स्थानमा पाँच दलीय गठबन्धनका घटकहरुले एमालेसँग पनि चुनावी तालमेल गरेको देखिएको छ । जसलाई उनीहरुले आफ्नो बाध्यात्मक अवस्था भन्ने गरेका छन् ।

| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सङ्ग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## BAHARAIN मा रोजगार
कम्पनी: MAGIC SHINE | शहर: BAHARAIN

पुर्व स्वीकृत मितिः २०७८/०७/२८ | चलानी नं.: ६०१६७५०६ | L.T. No.: 250424 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,८०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 130 | 0 | | 100 | ३१,५०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १४-१९ गते (May 28–2 June2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.**
Gov. Lic. No. 1422/074/075
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4581383
Mob.: 9801332286, 9805945922, 9805945923, 9805956422
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

# बक्स अफिस समाचार



# कान्सको रेड कार्पेटमा रातो पहिरनमा सुरक्षा

अभिनेत्री सुरक्षा पन्तले कान्सको रेड कार्पेटमा वाक गर्ने अवसर पाएकी छन् । आफू अभिनीत इटाली र बेल्जियम भाषाको फिल्म 'द एइट् माउन्टेन्स'को प्रिमियरमा सहभागी हुने क्रममा उनी बुधवार कान्स फिल्म फेस्टिभलको रेड कार्पेटमा हिँडेकी हुन् । फिल्मका अन्य कलाकारसँग एकसाथ रेड कार्पेटमा हिँडेकी उनले रातो रंगको आकर्षक गाउन लगाएकी थिइन् ।

'द एइट् माउन्टेन्स' कान्समा प्रिमियरका लागि छनोट भएपछि सुरक्षा जेठ ३ गते फ्रान्स उडेकी थिइन् । यो उनले अभिनय गरेको पहिलो विदेशी फिल्म हो । इटालीसँगै नेपालको मनाङमा छायांकन भएको फिल्मको नेपालको पार्टमा सुरक्षाले अभिनय गरेकी छन् । जेठ ५ गते कान्समा प्रिमियर भएको यो फिल्मलाई फेलिक्स भान ग्रोनिनगेन र चार्लोट्टी भन्डरमिर्सले मिलेर निर्देशन गरेका हुन् ।

कान्सको रेड कार्पेटमा हिँड्ने पहिलो नेपाली अभिनेत्री बनेकी सुरक्षाले सामाजिक सञ्जालमा लेखेकी छन्, 'रेड कार्पेटमा हिँड्नु एक वास्तविक पल जस्तै थियो । फिल्म र कथाकारहरुको सबैभन्दा ठूलो माहोललाई देख्न पाएको अवसर म जीवनभर संगालेर राख्नेछु । मेरो लागि यो एक स्वर्णिम संसार जस्तै हो ।'

उनको कान्समा सहभागिताले नेपालमा भने खुसीको माहोल बनेको छ । उनलाई यो महोत्सवमा सहभागी हुन जाँदा देखि अहिले सहभागी भइसकेपछिको समयमा उनलाई धेरैले शुभेच्छा दिएका छन् ।

सुरक्षाले आफूलाई रेड कार्पेटमा उभ्याउँदा डिजाइनर ड्रेस लगाएकी छन् । सातो गाउनमा सजिएकी सुरक्षाले तेञ्जिङ सेतेन भुटियाको डिजाइनमा बनेको गाउन लगाएकी छन् । यस्तै उनले 'थेया ट्रेन्डस' को गहना लगाएकी छन् । उनको मेकअप सुप्रिया मास्केले गरेकी हुन् ।

यसैबीच विश्व रिलिज हुनु एकसाताअघि नै टम क्रुज अभिनित बहुप्रतीक्षित हलिउड फिल्म 'टपगन : माभेरिक'लाई कान्स फिल्म फेस्टिभलमा प्रिमियर गरिएको छ । अभिनेता क्रुजलाई मानार्थ पाम दे ओर अवार्ड प्रदान गरियो भने फिल्मको लागि ६ मिनेट स्ट्यान्डिङ ओभेसन समेत प्रदान गरियो ।

यो सम्मान कान्सले सफल हलिउड कलाकारलाई मात्र दिने गरेको छ । 'मैले यो कामलाई ठूलो पर्दामा ल्याउन योगदान दिने सबैको मिहेनतर्ला बिर्सेको छैन' क्रुजले भने, 'यो साँझ मेरो जीवनको अविष्मरणीय साँझ हुनेछ ।'

क्रुजले रेडकार्पेटमा फ्यानहरुसँग झन्डै १० मिनेट बिताए । चम्किएका क्यामेराका फल्यासमा उनले रेडकार्पेटमा सेल्फी लिए भने अटोग्राफ पनि दिए । कान्स प्रिमियरमा फिल्मका निर्देशक र कलाकार उपस्थित थिए । नेपालमा जेठ २० गते फिल्म प्रदर्शन हुँदैछ ।

## नेपाल अफ्रिका फिल्म फेस्टिबल

# नेपालसहित १५ देशका २६ फिल्म चयन




**काठमाडौं /मस-** १० औं संस्करणको नेपाल अफ्रिका फिल्म फेस्टिबल-२०२२ यही १५ देखि १७ जेठसम्म तीन दिन काठमाडौंको जमल स्थित राष्ट्रिय नाचघरमा हुने भएको छ । कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेशन र बिलक्षण क्रिएसन प्रा.लि.को आयोजनामा हुन लागेको यो महोत्सवमा विभिन्न देशका १०० भन्दा बढी फिल्म प्राप्त भएका थिए । जसमध्यबाट निर्णायक समितिले २६ वटा फिल्म चयन गरेको छ ।

नेपालसहित १५ देशका २६ वटा फिल्म चयन भएको महोत्सव अध्यक्ष डा. मञ्जु मिश्रले बताएकी छिन् । कोरोना महामारी मत्थर भएकाले यतीबेला यो महोत्सव गर्न लागिएको पनि उनले बताएकी छिन् ।

नेपाल र अफ्रिकाको चलचित्र संस्कृतिका लागि आफुहरुले एक दशक अघिबाट नेपालमा नेपाल अफ्रिका फिल्म फेस्टिबल आयोजना गर्दै आएको अध्यक्ष डा. मिश्रले बताएकी छिन्, 'प्राकृतिक र सांस्कृतिक रुपमा धनी नेपाल र अफ्रिकन मुलुकका धेरै कुराहरु मिल्दा जुल्दा छन् । अफ्रिकालाई अब हामीले पश्चिमाहरुको नभएर अफ्रिकन लेन्सबाटै हेर्नु पर्छ भनेर हामीले बिगत १० वर्षदेखि यो महोत्सव आयोजना गर्दै आएका छौं ।'

महोत्सव निर्देशक डब्बु क्षत्रीका अनुसार यो महोत्सवमा विदेशबाट १४ मुलुकका १५ वटा चलचित्र चयन भएका छन् । जसमध्ये अधिकाँश अफ्रिकन मुलुकबाट फिल्म चयन गरिएको छ । अन्य मुलुकबाट निर्माण गरिएका अफ्रिकन विषय वस्तुमा आधारित फिल्म पनि महोत्सवमा चयन भएका छन् । महोत्सवका लागि फिल्म चयन भएका विदेशी मुलुकहरुमा बुर्किना फासो, इजिप्ट, ट्युनेशिया, सँयुक्त राज्य अमेरिका, घाना, सोमालिया, अस्ष्ट्रिया, जर्मनी, बेनिन, कँगो, फ्रान्स, क्यामरुन, अल्जेरिया, मोरक्को रहेका छन् ।

महोत्सवमा नेपालबाट ११ वटा फिल्म छानिएका छन् । जसमध्ये ७ वटा चलचित्र खुला प्रतिस्पर्धा अन्तर्गत रहेको छ । जसमा द ब्लाक कर्नर, ऐना, राईज, शँका, कुईनेटो, गरिमा, द डटर रहेका छन् ।

यस्तै यसपटक विधार्थीहरुको फिल्मलाई छुट्टै प्रतिस्पर्धामा राखिएको छ । फिल्मका विधार्थी फिल्म प्रतिस्पर्धामा विधार्थीहरुले बनाएको फिल्म राखिएको हो । जसमा झोल, सेफ्टी पिन, आखिर किन र द डेलिभरी रहेका छन् ।

## राजु लामालाई स्वागत



**काठमाडौं /मस-** नेपालका चर्चित गायक तथा गीतकार राजु लामा सगरमाथाको सफल आरोहण गरेर फर्किएका छन् । उनी फर्किंदा उनलाई एयरपोर्टमा पञ्चेबाजासहित भव्य स्वागत गरिएको थियो । उनले सगरमाथाको आरोहणमात्र नभई ७९०० मिटरमा पुगेर एकल कन्सर्टसमेत गरेर आएका छन् ।

उनी भन्छन, 'सक्दिनँ कि भन्ने डर थियो तर भगवानको कृपाले सफल भए । चुचुरोमा पुग्दा ४ बजेर ५७ मिनेट गएको थियो । त्यहाँ पुगेर आधा घण्टा बसेँ । टुप्पोमा पुगेपछि धन्य भए जस्तो महसुस भयो । अलिक भावनात्मक पनि भए । आँसु खस्यो । म त्यहाँ पुग्दा रोएँ र फर्किंदा पनि रोएँ ।'

विशेष गरेर युवाहरुलाई प्रोत्साहन होस् र जलवायु परिवर्तनले आम जनजीवनमा परेको असरबारे सबैमाझ सन्देश पुगोस् भन्ने नै आफ्नो मुख्य लक्ष्य भएको उनले बताए । गायक लामाले अघिल्लो वर्ष पनि लोबुचे शिखर चढेका थिए । सगरमाथाको आरोहण भने यो उनको पहिलो पटक हो ।

---

**Pyuthan Municipality**
**Office of Municipal Executive**
**Bijubar, Pyuthan**
**Lumbini Province, Nepal**

**Letter of Intent**

**Date: Thu May 19 15:57:40 NPT 2022**

To
Jay Mata Di Hygienic Product Pvt.Ltd.
Ghorahi-15 ,Dang ,Tribhuwan Nagar ,Nepal

**Subject: Issuance of letter of intent to award the contract 18/2078/79/PAD**

This is to notify you that, it is our intention to award the contract for execution of the Supply of free sanitary pad for school girls. to you as your bid price 1143277.50 NRs , as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

**Authorized signature**
**Name Mahesh kumar gurung**
**Chief Administrative Officer**

---

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Quality Research and Development Centre (QRDC)**
**Chakupat, Lalitpur**
**Notice No: 28/2078/79**

**Notice of Intention to Award the Contract**

**First date of Publication: May 20, 2022**

This is to notify to all concerned bidders that pursuant to section 27, sub section 2 of the public Procurement Act, 2063; we intent to accept the bid for the following contract (Notice Published on 17-Dec-2021) for the execution of Supply Installation Commissioning of Lab Equipment for Quality Research and Development Centre under Quality Research and Development Centre (QRDC). The Bidder's Bid Price as Corrected and Modified in accordance with the ITB is as follows:

| S.N. | Contract No. | Responsive Bidder | Bid Price (Excluding VAT) |
|---|---|---|---|
| 1 | DOR_QRDC/LAB/33701015/078/79-23 | M/S HG Ent Pvt Ltd, Rajbiraj Saptari | 67,50,000 |

The notice of intention to award the contract for the above-mentioned contract is placed in our notice board and also published in DoR website www.dor.gov.np

**Director**

---

**Government of Nepal**
**Ministry of Home Affairs**
**Nepal A.P.F Hospital**
**Balambu, Kathmandu, Nepal**

**Notice of Intent**

**Date of publication: 2079/02/06**

As per section 27(2) of Public Procurement Act-2063, This is to notify all the concerned Parties that it is our intention to award contract (IFB No: **APFH/NCB/G/04/2078/079** published on National daily Newspaper Rajdhani on 2078/12/22) to the substantially responsive lowest evaluated bids.
For further details please visit Nepal APF Hospital, Procurement Section, Balambu Kathmandu or contact Tel 01-4315224 or may visit www.apf.gov.np.

---

**कोन्ज्योसोम गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बागमती प्रदेश**
**चौघर,ललितपुर**

**सिलबन्दी बोलपत्र स्विकृत गर्ने आशयको सुचना**

**(सूचना प्रकाशित मितिः-२०७९/०२/०६)**

यस कार्यालयबाट मिति २०७९।०१।१३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी बोलपत्र सूचनानुसार मिति २०७९।०१।२८ गते दिनको १२:०० बजे सम्म दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरूमध्ये तपसिलमा उल्लेखित भएका सिलबन्दी बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभाबग्राही भई स्विकृतको लागि छनोट भएको हुदा सार्बजनिक खरिद ऐनको दफा २७ को उप दफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदताहरुलाई जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिल**

| सि.न. | कार्यको बिबरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.कर.समेत) रु. |
|---|---|---|---|
| 1. | *Construction of Dalchoki Bhotdanda Kwakaling Road, Contract Identification No:- KRMC/W/NCB/Re/07/078/79* | *M/S Rama Construction, Bagmati R.M. Lalitpur* | 28,82,323.35 |

**प्रमुख प्रशासकीय अधिकृत**

**रोमानियामा रोजगार** | कम्पनी: MANPOWER SERVICES GROUP SOLUTIONS SRL
शहर : BUCHAREST

पूर्व स्वीकृत मितिः २०७९/०२/०५ चलानी नं.: ६०१७९३८१ LT. No.: 263185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 120 | 0 | स. काममा दक्ष | 550 | ६८,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेष्ठ १३, १४ र १५ गते (27, 28 & 29 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Kathmandu Bright Human Resource Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Tel: 014371614, 9851001071
Email: info@kathmandubrighthr.com, Web.: www.kathmandubrighthr.com
श्रम इजाजत नं.: १३९८/०७४/०७५

# नेपालले गुमायो सिरिज

**काठमाडौं/मस–** पाहुना टोली युगान्डाले नेपालविरुद्धको महिला टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिज जितेको छ । टियु क्रिकेट मैदानमा भएको तेस्रो टी-ट्वान्टीमा नेपाललाई ६ विकेटले हराउँदै युगान्डाले दुई खेल अगाबै सिरिज जितेको हो । जितसँगै युगान्डाले ५ खेलको सिरिजमा ३-० को अग्रता बनाएको छ। नेपालले दिएको १ सय रनको लक्ष्य युगान्डाले १८ ओभर २ बलमा ४ विकेट गुमाएर पूरा गर्‍यो।

युगान्डाको जितमा केभिन विनोले अविजित रहँदै ४२ रन जोडिन् भने जेनेट बाबाजीले २७ रन जोडिन् । नेपालकी कविता कुँवरले २ विकेट लिईन् । यस्तै रुबिना क्षेत्री र इन्दु वर्माले समान १ विकेट हात पारिन् ।

त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ८ विकेट गुमाउँदै ९९ रन जोडेको थियो । नेपालका लागि ज्योति पाण्डेले सर्वाधिक ४७ रन जोडिन् भने कप्तान रुबिना क्षेत्रीले अविजित १८ रन जोडिन् । सिता राना मगर १२ रनमा आउट भइन् ।

बिन्दु रावल ४, रोमा थापा र डोली भट्टले समान ३ रनमै समेटिए । इन्दु वर्मा १ रनमा आउट हुँदा सरिता मगर र कविता कुँवर सुन्य रनमा आउट भईन् भने सबनम राई १ रनमा अविजित रहिन् ।

युगान्डाकी फियोना कुलुमी, कुन्सी वेको र सराह एकीटेङले समान २ विकेट लिए । पहिलो पटक घरेलु मैदानमा सिरिज खेलिरहेको नेपालले युगान्डासँग शुक्रबार चौथो र शनिबार अन्तिम टी-ट्वान्टी खेल्नेछ ।

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी कप्तान रुविना क्षेत्रीले हारको सम्पूर्ण जिम्मेवारी खेलाडीले लिनुपर्ने बताएकी छन् । खेलपछि कप्तान रुविनाले भनिन्, 'हामीले जित्न बिर्सिसकेका छौं । त्यो जित्ने मोमेन्टम कसरी ल्याउने भन्ने हो । हामीले पर्याप्त रन बनाउन सकेका छैनौं या त खेलाडीले गम्भीरतापूर्वक लिएका छैनन् या त एक जनामा भर गरेको छ। नयाँ खेलाडीले पनि टिममा मौका पाएपछि त्यसलाई कसरी अवसरमा बदल्ने भनेर सोच्नु आवश्यक छ ।'

कप्तान रुविनाले ब्याटिङसँगै टिममा फिटनेस र फिल्डिङमा पनि समस्या भएको बताइन् । 'विशेष गरी फिल्डिङ र फिटनेस एकदम महत्वपूर्ण देखिएको छ,'' नेपालकी कप्तान रुविनाले थपिन्, 'घरेलु मैदानमा प्रदर्शन गर्न नसक्नु हाम्रो कमजोरी हो । कसैलाई दोष दिने ठाँउ छैन । क्यानको तर्फबाट सक्ने गरेको छ। हारको जिम्मेवारी लिनपर्ने हामीले नै हो । कप्तानको रुपमा मैले लिनुपर्छ । र सबैले खेलाडीले लिनुपर्छ । मैले हारेको होइन । मैले हार्दा सम्पूर्ण नेपालले हार्छ भनेर सोच्नुपर्छ ।'




# रोहित उपकप्तान

**काठमाडौं/मस–** रोहितकुमार पौडेललाई राष्ट्रिय क्रिकेट टिमको उपकप्तान नियुक्त गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले पौडेललाई राष्ट्रिय क्रिकेट टिमको उपकप्तानमा नियुक्त गरेको हो ।

क्यानले बिहिबार एक सुचनामार्फत आसन्न आईसीसी विश्वकप लिग टूका लागि पौडेललाई उपकप्तान नियुक्त गरिएको जनाएको हो। प्रतियोगिता अन्तर्गत नेपालले अमेरिका र स्कटल्याण्डसँग खेल्ने तालिका रहेको छ ।

केही समय अघिमात्र क्यानले राष्ट्रिय क्रिकेट टिमको कप्तान परिवर्तन गर्दै सन्दीप लामिछानेलाई जिम्मेवारी दिएको थियो ।

क्यानले बुधबार नै सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्सीय टोलीको घोषणा गरिसकेको छ । क्यानले घोषणा गरेको टोलीमा पूर्व कप्तान ज्ञानेन्द्र मल्ल अटाएका छैनन् । सुनिल धमला, किशोर महतो र आदिल अन्सारी पहिलो पटक एकदिवसीय टोलीमा परेका छन् ।

**श्री महेन्द्र सा.व.उ.स. जोरायल गा.पा. ४, चुचुनढुंगा, डोटीको काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/०२/०६**

जिल्ला डोटी जोरायल गा.पा. वडा नं. ४, चुचुनढुंगामा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ४, सिलंगीबाघमा घाटगद्दी गरी राखिएको खोटे सल्ला गोलिया थान ३८८ को परिमाण ३८४३।४२ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**यसम, ओखलढुंगा**
**प्रदेश नं. १, नेपाल**

## बोलपत्र स्वीकृतिको आशयको सूचना

**प्रकाशित मितिः २०७९।०२।०६**

यस कार्यालयको मिति २०७८/१२/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार देहायको कार्यको लागि बोलपत्र आह्वान भइ तोकिएको म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र Provisional Sum समेत ) |
|---|---|---|---|
| LRM/NCB/Road/2078/79-08 | Upgrading Work of Bichari Ahal Kutidanda Road (Ch.0+000 m to Ch.6+540m) at Ward No. 2 and 3 | K & S Builders, Kathmandu-15 | 1,09,65,486.00 |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**काठ लिलाम बिक्री बारे २१ दिने सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/०२/०६**

यश पाथीभरा सा ब उ स उदयपुरगढी गा.पा. वडा ७ ले आब ०७८/०८९ मा उत्पादन गरेको ल नं. १ को साज जातको गोलिया था ८ को ८८.११ क्युफिट काठ तथा र लट नं. २ को सान्दान जातको गोलिया थान ७४ को ४३७.४९ क्युफिट काठ समूह बाहिर बिक्री बितरण गर्नको लागि २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि सा ब उ स को कार्यलयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पाथिभरा सामुदायिक बन उपभोक्ता समूह**
**उदयपुरगढी गा.पा. ७ उदयपुर**

**ठेगाना परिवर्तन गरिएको सूचना**

यस संस्कार बचत तथा ऋण सहकारी संस्था लिमिटेड दर्ता नं. (१८७७/०६५/०६६) ले आफ्नो साविकको ठेगाना का.जिका.म.न.पा.-३, बसुन्धारालाई परिवर्तन गरि का.जि.का.म.न.पा-९, तिलगंगा, शम्भुमार्ग कायम गरिएको व्यहोरा सम्पूर्ण सदस्य महानुभावहरु तथा सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संस्कार बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**तिलगंगा, शम्भुमार्ग, काठमाडौं**
**फोन नं:०१-५९०३४०२, ५९१०९६८**

## बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बेलडाडी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृतिको आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७९/०२/०६)**

यस कार्यालयबाट मिति २०७८/१२/११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | बोलपत्रदाताको नाम,ठेगाना | योजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| BRM-16-2078/079 | श्री नागार्जुन विल्डर्स दोधारा चाँदनी न.पा.०५ कञ्चनपुर । | चवन्नी देखी कान्छी बजारसम्म सडक आरसीसी गर्ने कार्य, बेलडाँडी ०२ कञ्चनपुर । | २२६१८८४/३३ |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१२/०४ मा दर्ता भएको **प्रा.लि. नं. १४६६६२** को **एट स्क्वायर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७८/१२/२९ गते दिउसो करिब ०१:२० बजेको समयमा **तौमढी पार्किङ्ग क्षेत्र**, **भक्तपुर** नजिकबाट **प्रदेश ३-०२-०१३-प ०६६२** नम्बरको यामाहा **FZS 149CC** हरियो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : अनिश खिउँजु**
**च्यासिस नं : ME1RG445BK0068773**
**इन्जीन नं : G3J3E0568645**
**सम्पर्क नं : ९८६००२५६९५**

# कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PASTAMATRIX RESTAURANT MANAGEMENT CO.WLL** **शहर : KUWAIT**

**पूर्व स्वीकृत मितिः २०७८/०७/१५** **चलानी नं.: ६०१६६७३४** **LT. No.: 249632** **पून विज्ञापन**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 140 | ५६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १३ गते (27 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SGMC** Gov. Lic No. 1219/074/075
**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
**(साविक सुर्खेत ओभरसिज प्रा.लि)**
**Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457,**
**Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com**

## Marma Rural Municipality
## Office of Rural Municipal Executive
**Latinath, Darchula**

## Invitation for Electronic Bids

**Second Date of publication: 2079/02/06**
**IFB No.: MARMA/NCB/Goods/TB/01/078-079**
**Contract Identification No: MARMA/NCB/Goods/TB/01/078-079**

1. The **Marma Rural Municipality, Latinath, Darchula** invites electronic bids from eligible registered fabricators for the **Procurement and Supply of Fabricated Steel Parts for Trail Bridge**under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders/Fabricators may obtain further information and inspect the bidding documents at the office of Marma Rural Municipality, Latinath, Darchula, E-mail: rm.marma.darchula@gmail.com, Phone: 9848235200 or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply however, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document i.e. NRs. 3000 (Three Thousand Only) in the following bank.
   **Name of the Bank : Sunrise Bank Ltd., Marma, Darchula**
   **Name of the Office : Marma Rural Municipality, Latinath, Darchula**
   **Office Code No. : 801077306**
   **Office Account No. : 0830552746703006**
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Marma Rural Municipality, Latinath, Darchula on or before 12:00 Noon on 2079/02/23.
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 2079/02/23 at 1:00 PM at the office of Marma Rural Municipality, Latinath, Darchula. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of **NRs. 90,000 (Ninety Thousand Only)** which shall be valid for minimum 30 days beyond the bid validity period.
   **Information to deposit Bid Security in Bank:**
   AccountName : Marma Gaupalika Dharauti Khata, Marma, Darchula
   Account Number : 0830552746703004
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

## वनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७९/०२/०६**

यस कार्यालयबाट २०७८/१०/२८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित Electronic Bid हरुको प्राविधिक मूल्याङ्कन गरी २०७९/०१/१८ गते प्राविधिक प्रस्ताव स्वीकृत पश्चात २०७८/०१/२४ गते खोलिएका Bid हरुको आर्थिक मूल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ अनुसार सम्बन्धित सबैको जानकारीको लागी यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | मु.अ.क. सहितको कबोल अंक |
|---|---|---|---|---|
| १ | BAKUNAPA/NCB/WORKS-07-2078/79 | Construction of 15 Beds Hospital in Bangad Kupinde Municipality Building | Grand Design and Construction, Banke | 111186077.70 |

**प्रमुख प्रसाशकीय अधिकृत**

# संसदमा बहस

संसदमा प्रस्तावित बजेटको विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकतामाथि छलफल भइरहेको छ । अर्थमन्त्री जनार्दन शर्माले जेठ ३ गते संसदमा प्रस्ताव गरेको उक्त विधेयकमाथि सांसदहरुले आफ्ना धारणा राख्ने क्रम जारी छ । अहिलेसम्म दर्जन बढी सांसदले आफ्नो धारणा राखिसकेका छन् ।

### शिक्षामा २५ प्रतिशत बजेटको आवश्यकता छ - पोखरेल



पुर्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री तथा सांसद गिरिराजमणी पोखेलले आगामी बजेटमा शिक्षा क्षेत्रमा २५ प्रतिशत बजेट विनियोजन गर्न माग गरे । साथै पोखरेलले सरकारको मुख्य फोकस कृषि, वन, विद्युत, यातायात, पर्यटन र आइटीको क्षेत्रमा हुनुपर्ने बताए । कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा २४ प्रतिशत मात्रै योगदा गरेको कुराको समिक्षा गर्नुपर्ने र गरिवीलाई शुन्यमा झार्नको लागि रोजगारी र स्वरोजगारीको कार्यक्रम सञ्चालन गर्नुपर्ने पोखरेलले भनाई राखेका थिए । साथै उनले शिक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगले नेपालको २५ वर्षको जनशक्ति प्रक्षेपणको एउटा अध्ययन प्रतिवेदन तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको र त्यो सार्वजनिक नभएको बताए । यदि अघिल्लो सरकारले गरेको हो भनेर पुर्वाग्रह नराख्ने हो भने त्यो नीति बनाउन धेरै काम लाग्ने उनको भनाई थियो ।

### नेपाल श्रीलंकाको स्थितिमा जान सक्छ - सिलवाल



श्रीलंकाको सन्दर्भमा जोडेर संसारका विज्ञहरुले भनेको प्रसंग जोड्दै एमाले नेता तथा सांसद नवराज सिलवालले संसारका ७५ वटा मुलुकहरु श्रीलंकाको बाटोमा जाँदै गरेको बताए । साथै, नेपाल पनि त्यसमा पर्छ भनेर विश्व बैंक र अन्तर्राष्ट्रिय विज्ञहरुले भनिरहेको अवस्था उनले भने । नेपालले श्रीलंकाबाट पाठ सिक्नुपर्ने भन्दै सिलवालले त्यसको लागि अर्थमन्त्रीले छलफल गर्नुभएको छ कि छैन भनेर प्रश्न गरे । श्रीलंकाको विदेशी मुद्राको सबैभन्दा ठुलो स्रोत रेमिट्यान्स, दोस्रो पर्यटन र तेस्रो चाहिँ निर्यात भएको बताउँदै सिलवालले अहिले त्यहाँ ती सबै कुराहरुको अवस्था अहिले नकरात्मक रहेको बताए । सिलवालका अनुसार अहिले रुस र युक्रेन युद्धको कारणले विश्वव्यापी रुपमा नै मुद्रस्फिति बढेको छ । तेलमा मूल्य बढेको छ । सरकारले विकसित परिस्थितिलाई कसरी लिएको छ भन्ने उनको प्रश्न थियो । साथै, उनले अर्थमन्त्रीले पेश गरेको प्राथमिकता र सिद्धान्तहरु हेर्दा राम्रै देखिएको बताए । तर, आज अर्थतन्त्रको चारवटै पिलरहरु सार्वजनिक वित्त, पुँजीबजार, बाह्य व्यापार र भुक्तानी सन्तुलन धर्मराइरहेको अवस्थामा सरकारले प्रस्तुत गरेको दृष्टिकोण गत वर्षहरुकै रिपिटेसनका रुपमा आएको र समाधानमुखी नभएको सिलवालको धारणा थियो ।

### कृषिमा आमुल परिवर्तन जरूरी छ - बस्नेत



पुर्वमन्त्री तथा सांसद शक्ति बहादुर बस्नेत कृषिमा आमूल परिवर्तन आवश्यक रहेको बताए । बस्नेतले कृषिमा आमूल परिवर्तन जरुरी रहेको बताएका हुन् । कृषिको निर्भरता डरलाग्दो रुपमा बढ्दै गएको प्रसंगमा बस्नेतले भने 'कृषिबाट निर्भरताको संख्या ८० प्रतिशतबाट घटेर ६० प्रतिशतमा आइपुगेको छ र, अहिले कृषिमा आश्रित जनसंख्या परिवर्तन भइरहेको छ भन्ने देखिन्छ,' बस्नेतले भने, 'कृषिबाट विस्थापित जनसंख्या सेवा र उद्योग क्षेत्रमा नभइ वैदेशिक रोजगारीमा गइरहेको छ ।'

### बजेटमा पुाजीबजारको माग समेटिनुपर्छ - चौधरी

सांसद तथा उद्योगपति बिनोद चौधरीले बजेटमा पुँजीबजारको विषय समेटिनु पर्ने बताएका छन् । शेयर बजारमा धेरै लगानीकर्ताको पुँजी डुबेकाले आगामी बजेटले क्यापिटल मार्केटमा तरंग ल्याउनुपर्ने उनको भनाई छ । उनले बैंकहरुमा तरलता अभावको कारणले ७ प्रतिशत हाराहारीमा रहेको बैंक व्याजदर बढेर १५ प्रतिशत पुग्ने स्थितिमा पुगेको बताए । चौधरीले राष्ट्र



बैंकसँग भएको ५ सय अर्ब भन्दा बढी पुँजी बजारमा ल्याउन माग गरे । उनले सरकार आफ्नो विकास खर्च पनि गर्न नसक्ने, थुप्रेर बसेको पैसा पनि बजारमा ल्याउन नसक्ने भएकाले राष्ट्र बैंकले यसको अन्त्य गर्न सक्नुपर्ने बताए । उनले भने 'अहिले धेरै लगानीकर्ताको पुँजी डुबेको छ । बैंकहरुमा तरलता अभावको कारणले ७ प्रतिशत हाराहारीमा रहेको बैंक व्याजदर बढेर १५ प्रतिशत पुग्ने स्थितिमा पुगेको छ । राष्ट्र बैंकसँग भएको ५ सय अर्ब भन्दा बढी पुँजी बजारको तरलतामा ल्याउनुपर्छ । सरकार आफ्नो विकास खर्च पनि गर्न नसक्ने, थुप्रेर बसेको पैसा पनि बजारमा ल्याउन नसक्ने स्थिति छ, यसको अन्त्य राष्ट्र बैंकले गर्न सक्नुपर्छ । अहिलेको बजेटले यो काम गर्नेछ भन्ने विश्वास छ ।'

### बजेटलाई राजनीतिक मुद्दा नबनाऔं - अर्थमन्त्री शर्मा



अर्थमन्त्री जनार्दन शर्माले बजेटलाई राजनीतिक मुद्दा नबनाउन सबैमा आग्रह गरेका छन् । संसदमा शर्माले प्रस्ताव गरेको विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकतामाथि उठेको प्रश्नहरूमा जवाफ दिँदै उनले सो आग्रह गरेका हुन् । मुलुकको आर्थिक मुद्दालाई राजनीतिक दृष्टिकोणले हेर्दा समस्या हुने उनको भनाई थियो । त्यसैले सो विषयलाई आर्थिक कोणबाट नै हेरिदिन उनले आग्रह गरेका थिए । सबैको प्रयासबाट मात्रै मुलुकलाई आर्थिक समृद्धिमा लैजान सकिने भन्दै मन्त्री शर्माले भने, 'हामीलाई हाम्रो आर्थिक अवस्थाका बारे सबैलाई थाहा छ । सानो अर्थतन्त्रबाट धेरै कुराहरु गर्नुपर्नेछ । सीमित स्रोत साधनबाट मुलुकलाई आर्थिक सम्बृद्धिको बाटोमा अघि बढाउनुपर्नेछ । तर यो राजनीतिक सहमतिबिना, हाम्रो सामूहिक प्रयत्न र प्रयासबिना सम्भव छैन' अर्थमन्त्री शर्माले भने, 'त्यसैले राजनीतिक मुद्दाका हिसाबले होइन वास्तविक आर्थिक चेतले हेर्न र सहयोग गर्न म सबैलाई आग्रह गर्न चाहन्छु ।'

# नेप्से परिसूचकको ओरालो यात्रा कायमै

**काठमाडौं/मस** – धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार २३ दशमलव ५१ अंकले ओरालो लागेर दुई हजार २ सय ५० दशमलव ९१ मा सीमित भएको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक ३ दशमलव ८८ अंकले ओरालो लागेर ४ सय ३७ दशमलव २१ मा झरेको छ । नेप्से ओरालो लाग्दा कारोबार रकमसमेत सस्तोमा समेटिएको छ । कूल २ सय १९ कम्पनीको ३७ लाख ९८ हजार २ सय ६३ कित्ता सेयर एक अर्ब ३० करोड नौ लाख ८१ हजार ९ सय ९६ बराबरको कारोबार भयो ।

कारोबार भएका १३ उपसमूहमध्ये सामूहिक लगानी कोषको मात्रै सेयर मूल्यमा वृद्धि भएको छ । सो उपसमूहको सेयर ० दशमलव ११ अंकले उकालो लागेको छ । त्यस्तै, बैंकिङ ६ दशमलव ५७, व्यापार २४ दशमलव ९२, होटल तथा पर्यटन २१ दशमलव ०६, विकास बैंक ८३, जलविद्युत् ४४ दशमलव ७४, वित्त ४१ दशमलव ३५, निर्जीवन बीमा १ सय ४३ दशमलव ०५, उत्पादन ४४ दशमलव ४२, अन्य १८ दशमलव ३८, लघुवित्त ५१ दशमलव ७, जीवन बीमा १ सय ७२ दशमलव २८ र लगानी १ दशमलव ०५ अंकले ओरालो लागेको छ । कारोबार भएकामध्ये प्रभु बैंकको संस्थापक सेयर शीर्ष स्थानमा छ ।

# कोका–कोलाको साझेदारीमा हिमाल सरसफाई




**काठमाडौं/मस** – सगरमाथा, ल्होत्से, मनास्लु, कञ्चनजंघा हिमाल लगायत ४ हिम-शृंखलाहरुको सरसफाई गर्दै नेपाली सेनाको अगुवाइमा सुरु भएको हिमाल सरसफाई अभियानको आधा कार्य सफल भएको छ । प्रमुख कर्पोरेट साझेदारको रूपमा कोका-कोला फाउन्डेसन रहेको यस अभियानमा अन्य थुप्रै संस्थाहरुले पनि सहकार्य गरेका छन् । यस क्याम्पेनमा नेपाली सेना र शेर्पाहरु गरी जम्मा ७७ जना सदस्य रहेका छन् । वार्षिक ११ सय आरोही आउने ८ हजार मिटरभन्दा बढी उचाइका यी ४ हिमालमा आरोही सँग-सँगै ठुलो मात्रामा फोहोर पनि भित्रिन्छन्, जसले गर्दा हिमाली क्षेत्रको फोहोर व्यवस्थापन एक प्रमुख चुनौतीको रुपमा रहेको छ । यहि समस्या समाधान गर्नका लागि गत अप्रिल ५ बाट हिमाल सरसफाई अभियान शुरु गरिएको थियो जसमा अहिलेसम्म ४ वटा हिम-शृंखलाहरुबाट २९,९९८ केजी (५,२०४ केजी कुहिने र २४,७९४ केजी नकुहिने) फोहोर संकलन भइसकेको छ । यी फोहरहरुमा रित्तो अक्सिजन क्यानिस्टरहरु, पाल, खानेकुराका कन्टेनरहरु, प्लाष्टिक, गिलास, आल्मुनियम, इलेक्ट्रोनिक फोहोरहरु आदि रहेका छन् । अभियानलाई तीव्रता दिँदै ३५ हजार केजी फोहोर संकलन गर्ने लक्ष्य सहित हिमाल सरसफाई भइरहेको छ ।

अभियानको बारेमा बोल्दै क्याम्पेन डिरेक्टरले भने, 'अत्याधिक प्रतिकुल मौसम, चोट-पटकको सम्भावना र उच्च जोखिम भएकोले गर्दा हिमालको यात्रा चुनौतिपूर्ण हुन्छ । हाम्रो एक्स्पेडिसन टिमका सदस्यहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै हामीले अहिले सम्मको यात्रा तय गरेका छौं । र यसैलाई निरनतरता दिँदै हामी यो अभियानलाई सुरक्षित र सफलतापूर्वक सम्पन्न गर्न सक्दो प्रयास गर्नेछौं ।' नेपाली सेना र विभिन्न सरोकारवालाहरुको अगुवाईमा सञ्चालित यस हिमाल सरसफाई अभियान विश्वको सबैभन्दा ठूलो हिमाल सरसफाई अभियानमध्येको एक हो र यो अभियानको तेस्रो संस्करण हो, जसमा कोका-कोला फाउन्डेसन लगातार ३ वर्षदेखि प्रमुख साझेदार रहेको छ । यस वर्षको अभियानको नारा 'हिमाल बचाउने प्रयास; हाम्रो हिमाल, हाम्रो दायित्व' रहेको छ । स्थानीय सरकार, सरोकारवाला र सम्बन्धित साझेदारहरूसँगको समन्वयमा यो अभियान अघि बढिरहेको छ । यस अभियानबाट संकलन गरिएका फोहोरलाई रिसाइकल पार्टनरलाई हस्तान्तरण गरिनेछ । यो अभियान विश्व वातावरण दिवसको अवसर पारेर जुन ५ मा समापन हुने कोका-कोला फाउन्डेसनले जनाएको छ ।

# 'आइएमई पे'ले ल्यायो आकर्षक उपहार योजना

**काठमाडौं/मस** – आइएमई ग्रुपद्वारा सञ्चालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे'ले हवाई टिकटमा सुनको सिक्का जित्न मिल्ने योजना सार्वजनिक गरेको छ । आइएमई पे मोबाइल वालेट एपबाट हवाई टिकट बुक गर्ने २ भाग्यशाली यात्रुले हरेक १५ दिनमा एउटा सुनको सिक्का पाउने प्रबन्ध मिलाइएको छ । यसका अतिरिक्त योजना अवधिभर हरेक दिन आइएमई पे एपबाट हवाई टिकट काट्दा दैनिक १ भाग्यशाली विजेताले दुईवटा चन्द्रागिरी केबलकारको टिकट र हरेक हप्ता १ भाग्यशाली विजेताले एउटा चाँदीको सिक्का पनि जित्न सक्नेछन् । उड्यन सेवा अहिलेको समयमा सबैभन्दा बढ्ता रुचाइएको यातायात माध्यम हुन पुगेको छ । आरामदायी र छिटो




यात्रा गर्नका लागि अहिले कैयौं यात्रुहरुले हवाई उड्डयन नै रोज्छन् । यस्ता यात्रुले सहजताका निम्ति आइएमई पे एपजस्ता मोबाइल वालेट एपबाट घरमै बसी हवाई टिकट बुक गर्न मिल्छ । अझ बढी यात्रुलाई हवाई यात्राका उत्साह प्रदान गर्न र पुराना यात्रुलाई निरन्तरता दिन प्रेरित गर्न आइएमई पेले यस योजना सार्वजनिक गरेको हो ।

यस योजनालाई सञ्चालन गर्नका लागि कम्पनीले केही निश्चित सेवा र सर्त निर्धारण गरेको छ । जसअनुसार आइएमई पे एपको सम्पूर्ण दर्ता भएका प्रयोगकर्ता यस योजनाका निम्ति योग्य हुनेछन् । आइएमई पे एपबाट हवाई टिकट बुक गर्ने यात्रुमध्ये हरेक दिन १ भाग्यशाली विजेताले चन्द्रागिरी केबलकारको दुईवटा टिकट प्राप्त गर्न सक्नेछन् । आइएमई पे एपबाट हवाई टिकट बुक गर्ने यात्रुमध्ये हरेक हप्ता ५ भाग्यशाली विजेताले १ चाँदीको सिक्का प्राप्त गर्न सक्नेछन् । आइएमई पे एपबाट हवाई टिकट बुक गर्ने यात्रुमध्ये हरेक १५ दिनमा १ भाग्यशाली विजेताले १ सुनको सिक्का बम्पर उपहार स्वरुप प्राप्त गर्नेछन् ।

# नेशनल लाइफको सहयोगमा सामुदायिक अस्पताल बन्ने




**काठमाडौं/मस** – नेशनल लाइफ इन्स्योरेन्स कम्पनीको आर्थिक सहयोगमा सिन्धुपाल्चोकमा सामुदायिक अस्पताल बन्ने भएको छ । इन्स्योरेन्सले सिन्धुपाल्चोक जिल्लाको थोकर्पा गाँउपालिकामा एक सामुदायिक अस्पताल स्थापना गर्न वार्षिक २० लाख रुपैयाँ सहयोग गर्ने भएको हो । सो सम्बन्धमा इन्स्योरेन्स र एक एक पाईला फाउण्डेशनबीच सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्री र फाउण्डेशनका तर्फबाट फाउण्डेशनका प्रेसिडेण्ट डा. सुमन थापाले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार उक्त अस्पताल एक एक पाइला फाउण्डेशनको अग्रसरतामा स्थापना र व्यवस्थापन हुनेछ भने अस्पतालको संचालनको लागि इन्स्योरेन्सले तीन वर्षको अवधिको लागि प्रत्येक वर्ष २० लाख रुपैयाँ आर्थिक सहयोग गर्नेछ । यससँगै १५ शैयाको सामूदायिक अस्पतालको सञ्चालन भै उक्त क्षेत्र वरिपरि रहेका करीब ५० हजार सर्वसाधारणले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त हुने कम्पनीको विश्वास छ ।

समारोहमा डा. सुमन थापाले आर्थिक सहयोग उपलब्ध गराएकोमा कम्पनीलाई धन्यवाद दिएका छन् । कम्पनीको तर्फबाट खत्रीले कम्पनीले सामाजिक उत्तरदायित्व क्षेत्रमा क्रियाशिल भई शिक्षा, स्वास्थ्य, दैवि प्रकोप व्यवस्थापन एवं वातावरण संरक्षण जस्ता क्षेत्रमा विगत वर्षहरुदेखि नै चासो राखी आर्थिक सहयोग उपलब्ध गर्दै आएको संस्मरण गराएका छन् ।

# एनएमबिद्वारा माईती नेपालमा वित्तीय साक्षरता कार्यक्रम

**काठमाडौं/मस** – एनएमबि बैंकद्वारा माईती नेपालका महिलाहरुलाई वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा माईती नेपालका ५३ जना महिलाहरुको उपस्थिति रहेको थियो । बैंकको लघुवित्त बिभागद्वारा आयोजित उक्त कार्यक्रममा उपस्थित महिलाहरुलाई उत्प्रेरणा दिंदै बचत, लगानी, बिभिन्न प्रकारका कर्जाहरु तथा बैंकबाट प्राप्त गर्न सकिने अन्य बिभिन्न सेवाहरुको बिषयमा वित्तीय शिक्षा प्रदान गरिएको थियो ।

कार्यक्रममा माईती नेपालको तर्फबाट संस्थापक अनुराधा कोईराला, कार्यकारी सञ्चालक बिश्वराम खड्का, कार्यक्रम सञ्चालक युवराज कोईरालाको उपस्थिति रहेको थियो भने एनएमबि बैंकका तर्फबाट कर्मचारीहरु डा. बुद्धि मल्ल, शरद पौडेल र नबिन पन्थिको उपस्थिती रहेको थियो । गतबर्ष महिला उद्यमशिल सहुलियतपूर्ण कर्जा लगानी गर्न एउटा अग्रणी बैक रहेको बैंकले नारी सशक्तिकरणको लागि बिभिन्न समयमा विभिन्न महिला समूहरुलाई बित्तिय साक्षरता कार्यक्रमहरु आयोजना गर्दै आईरहेको छ । माईती नेपालका महिलाहरुलाई गरिएको




यस कार्यक्रमले उनिहरुमा वित्तीय ज्ञान प्राप्त भई आत्मनिर्भर बन्न सघाउ भई समग्र अर्थतन्त्रलाई नै सकरात्मक प्रभाव पर्ने बैंकले बिश्वास लिएको छ । बैंक र माईती नेपाल दुबै संस्थाले भविष्यमा पनि यस्ता वित्तीय साक्षरता कार्यक्रम तथा अन्य सम्भावित कार्यक्रमहरुमा सहकार्य गर्ने भएका छन् । एनएमबि बैंकको हाल देशभरी २०१ शाखाहरु, १३८ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु रहेका छन् ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ